# निरन्तर नेपाली व्याकरण र रचना

## कक्षा ८

लेखक तथा सम्पादक
डा. भूपहरि पौडेल

निरन्तर प्रकाशन
निरन्तर प्रकाशन
पुतलीसडक, काठमाडौँ-२९, नेपाल ।
फोनः ०१-४५४६३८४

नाम :...........................................................................................

कक्षा :........................................... रोल नं. ...............................

सेक्सन :........................................ विषय :...................................

विद्यालयको नाम :..........................................................................

पुस्तक : निरन्तर नेपाली व्याकरण र रचना, कक्षा–४
लेखक तथा सम्पादक : डा. भूपहरि पौडेल
प्रथम संस्करण : २०७६, वैशाख
द्वीतिय संस्करण : २०७७, वैशाख
तृतिय संस्करण : २०७८, वैशाख (पूर्ण परिमार्जित)
पुनः मुद्रण २०८०, वैशाख
सर्वाधिकार : © प्रकाशकमा
प्रकाशक : निरन्तर प्रकाशन
काठमाडौँ, नेपाल
फोन नं. ०१–४५४६३८४
मूल्य : रू. ३००।-

छपाइ नेपालमा ।

# भूमिका

भाषाको प्रयोग मानव समाजमा दैनिक व्यवहारिक प्रयोजनका निमित्त गरिन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्नु भाषा सिकाइको प्रमुख सक्षमता हो । भाषाका यिनै चार सिप विकास गर्न विभिन्न व्याकरण निर्माण गरिएका छन् । यसरी निर्माण गरिएका व्याकरणहरू व्यवहारिकभन्दा पनि सैद्धान्तिक पद्धतिका रहेका पाइन्छन् । सैद्धान्तिक प्रकृतिका व्याकरणका पठनपाठनबाट विद्यार्थीहरूले भाषाका नियम जानेका हुन्छन् तर भाषा प्रयोगमा कठिनाइ महसुस पनि गरेका छन् । भाषा सिकाइमा रहेका विभिन्न कठिनाइहरूलाई सुधार गर्ने उद्देश्यले प्रस्तुत व्याकरण शृङ्खला लेखिएको हो । यस पुस्तकबाट व्याकरण शिक्षण गराउँदा विद्यार्थीहरूलाई घोक्न नलगाई उनीहरूकै परिवेश एवम् चित्रका माध्यमबाट सिकाउने प्रयास गरिएको छ । भाषा व्याकरण भनेको सिद्धान्तको व्याख्या र इतिहासको वर्णनमा भन्दा व्यवहारिक प्रयोग र अभ्यासमा केन्द्रित हुने पक्ष हुन् । यिनीहरूको व्यवहारिक प्रयोगका लागि भाषिक सीपहरूको प्रयोग हुनु जरुरी छ । अतः भाषा व्याकरणका यस्ता पाठ्य तथा अभ्यासपरक सामग्रीले अभ्यासात्मक पक्ष र गतिविधिमा जोड दिनु स्वभाविक भएकाले यस्तै अभ्यासपरक सामग्री तथा आगमनात्मक विधिले पाठ्यपुस्तकमा प्राथमिकता पाएका छन् ।

प्रस्तुत पुस्तक निरन्तर नेपाली व्याकरण र रचना कक्षा–४ शिक्षक मित्रहरूको अभिप्रेरणाबाट विद्यार्थीहरूका लागि लेखिएको हो । पुस्तक प्रकाशक वितरक निरन्तर प्रकाशनका सारथीद्वय रामहरि खड्का र पूर्ण बस्नेतमा हामी हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अन्तमा यस पुस्तकलाई आधिकारिक तथा त्रुटिरहित बनाउन सक्दो प्रयास गरिएको छ तर पनि कतै त्रुटि रहन गएको हुन सक्छ त्यसका लागि विज्ञहरूबाट सकारात्मक सुझावको अपेक्षा गर्दछु ।

२०८०, बैशाख

– लेखक तथा सम्पादक

# विषयसूची


**खण्ड – 'क'**

| | | |
|---|---|---|
| एकाइ १ | नाम | १ |
| एकाइ २ | सर्वनाम | ७ |
| एकाइ ३ | विशेषण | १५ |
| एकाइ ४ | क्रियापदको पहिचान | २३ |
| एकाइ ५ | अव्यय | ३० |
| एकाइ ६ | लिङ्ग | ३६ |
| एकाइ ७ | वचन | ४७ |
| एकाइ ८ | पुरुष | ५४ |
| एकाइ ९ | पदसङ्गति | ६० |
| एकाइ १० | आदरार्थी | ६३ |
| एकाइ ११ | काल र पक्ष | ६८ |
| एकाइ १२ | वाक्य | ८१ |
| एकाइ १३ | विभक्ति | ८५ |
| एकाइ १४ | वर्णविन्यास | ८८ |
| एकाइ १५ | लेख्य चिह्न | ९६ |
| एकाइ १६ | शब्दभण्डार | ९९ |
| एकाइ १७ | उखान टुक्का | ११९ |

**खण्ड – 'ख'** **बोध तथा अभिव्यक्ति**

| | | |
|---|---|---|
| एकाइ १ | बोध | १२५ |
| एकाइ २ | कथा लेखन | १२८ |
| एकाइ ३ | जीवनी लेखन | १३० |
| एकाइ ४ | संवाद लेखन | १३४ |
| एकाइ ५ | चिठी/निवेदन लेखन | १३६ |
| एकाइ ६ | कविता लेखन | १३९ |

एकाइ १

# नाम

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



हिमाल




दुध


डर


जन्ती


गाई


जनकपुर


फूल


चामल


बुद्ध

कुनै व्यक्ति, वस्तु, ठाउँ, समूह, पदार्थ, भाव बुझाउन आउने शब्दलाई नाम भनिन्छ । के र को प्रश्नको उत्तरमा आउने सबै नाम हुन् ।

## २. नामका प्रकार

नाम पाँच प्रकारका हुन्छन् :

नाम

- व्यक्तिवाचक
- जातिवाचक
- द्रव्यवाचक
- समूहवाचक
- भाववाचक

### १. व्यक्तिवाचक नाम

व्यक्तिहरूका नाम : राम, सीता, कृष्ण, जानकी, दावा, रमिता

हिमालहरूका नाम : मकालु, माछापुच्छ्रे, अन्नपूर्ण, सगरमाथा

नदीहरुका नाम : वाग्मती, गण्डकी, कोसी, कर्णाली, नारायणी

ठाउँहरूका नाम : पोखरा, काठमाडौँ, दक्षिणकाली, झापा, दाङ

पुस्तकहरूका नाम : मुनामदन, बाइवल, रामायण, कुरान

देशहरूका नाम : नेपाल, भारत, चीन, अमेरिका

कुनै खास व्यक्ति, वस्तु अथवा ठाउँलाई तोकेर बुझाउने नामलाई व्यक्तिवाचक नाम भनिन्छ।

### २. जातिवाचक नाम

| व्यक्तिवाचक नाम | जातिवाचक नाम |
|---|---|
| हरि, राधा, श्याम, विष्णु, लखन | मानिस |
| रामायण, मुनामदन, बाइबल, कुरान | पुस्तक |
| काठमाडौँ, पोखरा, पाल्पा, धरान | ठाउँ |
| बाग्मती, मेची, त्रिशूली, गण्डकी | नदी |
| सगरमाथा, अन्नपूर्ण, मनासलु | हिमाल |
| गोदावरी, सयपत्री, मखमली | फूल |
| नेपाल, भारत, चीन, अमेरिका | देश |

व्यक्ति अथवा ठाउँको साझा नाम अथवा जाति बुझाउने शब्दलाई जातिवाचक नाम भनिन्छ। जातिवाचक नामले कुनै व्यक्ति, वस्तु अथवा पदार्थलाई किटेर नदेखाई साझा नाम बुझाउँछ।

## ३. द्रव्यवाचक नाम

पानी, चामल, सुन, फलाम, चाँदी, माटो, तेल, नुन, हावा, धुवाँ, दुध, दही आदि।

गन्न नसकिने तर नाप तौल गर्न सकिने वस्तुलाई बुझाउने नामलाई द्रव्यवाचक नाम भनिन्छ।

## ४. समूहवाचक नाम

फौज, भिड, थुप्रो, ताँती, चाङ, लस्कर, पल्टन, कक्षा, बथान, रास, गण, हुल, गुल्म, पङ्क्ति, खात आदि।

व्यक्ति, वस्तु, जनावर तथा पदार्थको समूहलाई बुझाउने नामलाई समूहवाचक नाम भनिन्छ।

## ५. भाववाचक नाम

दया, माया, रिस, सुख, दुःख, पीडा, घृणा, शान्ति, खुसी, गरिबी, सुन्दरता, हँसाइ, रोदन आदि।

देख्न र छुन नसकिने, अनुभव मात्र गर्न सकिने नामलाई भाववाचक नाम भनिन्छ।



## अभ्यास

**१. तल दिइएको अनुच्छेद पढेर नाम शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :**

हाम्रो देश नेपाल पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ । हाम्रो देशको उत्तरमा हिमालहरू पर्दछन् भने दक्षिणमा समथर तराई प्रदेश रहेको छ । तराई प्रदेशलाई अन्नको भण्डार भनिन्छ । त्यहाँ धान, मकै, गहुँ, तोरीजस्ता अन्नहरू र आँप, कटहर, अङ्गुर, केराजस्ता फलफूलहरू प्रशस्त मात्रामा फल्दछन् । हाम्रो देशमा रहेका सगरमाथा, माछापुच्छ्रे, अन्नपूर्ण, कञ्चनजङ्गा, गणेश, जुगलजस्ता थुप्रै हिमालहरू छन् । हाम्रो देशमा वाग्मती, कोसी, मेची, कर्णाली, राप्तीजस्ता ठुलाठुला नदीहरू छन् । हाम्रो देशमा मखमली, सयपत्री, गोदावरी, गुलाबजस्ता रङ्गीचङ्गी फूलहरूको फूलबारी पनि हो । हाम्रो देश नेपालमा पशुपति, स्वयम्भू, मनकामना, लुम्बिनी, जानकीजस्ता मन्दिरै मन्दिर पनि छन् । हाम्रो देशमा गौतम बुद्ध, जनक, बलभद्र, अरनिको, लक्ष्मीप्रसाद, पारिजात, भानुभक्तजस्ता महान् पुरुषहरू जन्मिएका थिए । हामी मुनामदन, रामायण, महाभारत, बाइबलजस्ता पुस्तकहरू पढ्ने गर्छौं । फेवा, रारा, बेगनास, रुपा, बुलबुलजस्ता धेरै ताल तलैयाहरू पनि हाम्रो देशमा रहेका छन् । नेपालमा धेरै जातजातिहरू आपसमा मिलेर बस्छन् । उनीहरू विवाहमा जन्ती र मर्दा मलामी जान्छन् । नेपालीहरू आफ्नो देशको माटोलाई माया गर्छन् । नेपाली सुन, चाँदी, पैसाको लोभमा पर्दैनन् । उनीहरू वनजङ्गलको स्वच्छ हावा लिन्छन् । उनीहरू एकअर्कालाई सुख र दुःखमा साथ दिन्छन् । यहाँका मानिसहरू एकअर्कामा रिस, डाह गर्दैनन् । नेपालीहरू सधैं शान्ति मन पराउँछन् ।

**२. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| व्यक्तिवाचक नाम | नुन, हावा, तेल, पानी |
| जातिवाचक नाम | माया, हिँडाइ, घृणा, सुन्दरता |
| द्रव्यवाचक नाम | हिमाल, नदी, मानिस, चरा |
| समूहवाचक नाम | पोखरा, रामेछाप, रामायण, सुजन |
| भाववाचक नाम | फौज, कक्षा, ताँती, झुप्पो |

३. **तलका शब्दलाई खाली ठाउँमा मिल्ने गरी भर्नुहोस् :**

गोलो, चाङ, ताँती, हुल, बथान, रास, झुप्पो

(क) किताबको : ____________________

(ख) मानिसको : ____________________

(ग) अङ्गुरको : ____________________

(घ) अरिङ्गालको : ____________________

(ङ) कमिलाको : ____________________

(च) भेडाको : ____________________

(छ) फोहोरको : ____________________

४. **तलका खाली ठाउँमा तोकिएअनुसार पाँचपाँच ओटा नाम शब्द लेख्नुहोस् :**

(क) व्यक्तिवाचक नाम : ____________________

(ख) जातिवाचक नाम : ____________________

(ग) द्रव्यवाचक नाम : ____________________

(घ) समूहवाचक नाम : ____________________

(ङ) भाववाचक नाम : ____________________

५. **तलका शब्दहरू नामको कुन कुन प्रकारअन्तर्गत पर्दछन् ? छुट्टाछुट्टै तालिकामा लेख्नुहोस् :**

हरि, किताब, नेपाल, तिहार, मेची, घर, पानी, ताँती, माया, सुन, हिमाल, चामल, बथान, हाँसो, जन्ती, सयपत्री, चरो, कलम, सगरमाथा, भिड, सुख, देवता, पीडा, मुनामदन, बाइबल, फूल, झुप्पो, रिस, कुरान ।

| व्यक्तिवाचक | जातिवाचक | द्रव्यवाचक | समूहवाचक | भाववाचक |
|---|---|---|---|---|
| | | | | |

## ६. तल दिइएको तालिकामा पाँचपाँच ओटा शब्द लेख्नुहोस् :

| मानिसका नाम | ठाउँका नाम | नदीका नाम | वस्तुका नाम | फलफूलका नाम |
|---|---|---|---|---|
| | | | | |

## ७. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) नाम भनेको के हो ?

(ख) नाम कति प्रकारका छन् ?

(ग) व्यक्तिवाचक नाम भनेको के हो ?

(घ) जातिवाचक नाम भनेको के हो ?

(ङ) द्रव्यवाचक नाम भनेको के हो ?

(च) समूहवाचक नाम भनेको के हो ?

(छ) भाववाचक नाम भनेको के हो ?

एकाइ २

# सर्वनाम

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :


म


हामी


तँ


तिमी


तपाईं


आफू


ऊ


उनी


तिनी

नामको सट्टामा प्रयोग हुने शब्दलाई **सर्वनाम** भनिन्छ ।

## २. सर्वनामका प्रकार

सर्वनाम पाँच प्रकारका छन् :

सर्वनाम

- पुरुषवाचक
- दर्शकवाचक
- सम्बन्धवाचक
- प्रश्नवाचक
- निजवाचक

## १. पुरुषवाचक सर्वनाम



म पाठ पढ्छु ।



तिमी खाना खाऊ ।



ऊ मेरी बहिनी हो ।

पुरुष अथवा स्त्री नामको सट्टामा प्रयोग हुने शब्दलाई **पुरुषवाचक सर्वनाम** भनिन्छ । जस्तै : म, हामी, तँ, तिमी, तपाईं, ऊ, उनी, उनीहरूजस्ता शब्दहरू पुरुषवाचक शब्दहरू हुन् ।

पुरुषवाचक सर्वनाम ३ किसिमका छन् :

### (क) प्रथम पुरुषवाचक सर्वनाम :

जसले बोल्छ उसैलाई बुझाउन आउने पुरुषलाई प्रथम पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तै : म, हामी प्रथम पुरुष हुन् ।

### (ख) द्वितीय पुरुषवाचक सर्वनाम :

जोसँग कुरा गरिन्छ, उसैलाई बुझाउन आउने पुरुषलाई द्वितीय पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तै : तँ, तिमी, तपाईं द्वितीय पुरुष हुन् ।

### (ग) तृतीय पुरुषवाचक सर्वनाम :

जसका बारेमा कुरा गरिन्छ, उसैलाई बुझाउन आउने पुरुषलाई तृतीय पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तै : ऊ, उनी, उनीहरू तृतीय पुरुष हुन् ।

## २. दर्शकवाचक सर्वनाम




यो मेरो घर हो ।



यी मेरा मामा हुन् ।



त्यो मेरो पुस्तक हो ।



ती मेरा लुगा हुन् ।



यिनीहरू असल छन् ।



तिनी मेरी दिदी हुन् ।

कुनै व्यक्ति, वस्तु अथवा ठाउँलाई तोकेर देखाउने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ । जस्तै : यो, त्यो, यी, ती, तिनी आदि दर्शकवाचक सर्वनाम हुन् ।


## ३. सम्बन्धवाचक सर्वनाम



जोजो जान्छन् जान देऊ ।



जे मन पर्छ त्यही खाऊ ।



जुन राम्रो लाग्छ त्यो ल्याऊ ।

जुन नामको सट्टामा आएको हो त्यसै नामसँग सम्बन्ध बुझाउने सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ । जस्तै : जो, जे, जुन, जोजो, जुसुकै आदि सम्बन्धवाचक सर्वनाम हुन् ।

## ४. प्रश्नवाचक सर्वनाम



तिमी के खान्छौ ?



आकाशमा के उड्यो ?



तिमीलाई कुन चिज मन पर्छ ?



तिम्रा घरमा को हुनुहुन्छ ?



तिमी कहाँ जान्छौ ?



तपाईंले के देख्नुभयो ?

कुनै व्यक्ति, वस्तु अथवा ठाउँको सट्टामा प्रयोग भएर प्रश्न गर्दा प्रयोग हुने सर्वनाम शब्दलाई प्रश्नवाचक सर्वनाम भनिन्छ । जस्तै : को, के, कुन, कहाँ, कसलाई आदि प्रश्नवाचक सर्वनाम हुन् ।

## ५. निजवाचक सर्वनाम



म आफैं खान्छु ।



म स्वयम् आफ्नो काम गर्छु ।



आफू त खुब पढिन्छ ।

नाम अथवा सर्वनाम शब्दका पछाडि आफू, आफैं अथवा स्वयम् बुझाउन प्रयोग हुने शब्दलाई निजवाचक सर्वनाम भनिन्छ । जस्तै : आफू, आफैं, स्वयम् निजवाचक सर्वनाम हुन् ।

**तलका वाक्यहरू पढेर बुझ्नुहोस् :**

हरिले राम्ररी पढ्यो । ऊ प्रथम भयो ।

बुबा घरमा हुनुहुन्छ । उहाँ विरामी हुनुहुन्छ ।

दाइ तपाईं कहिले आउनुहुन्छ ?

सपना कलाकार हुन् । उनी चलचित्रमा काम गर्छन् ।


नामको सट्टामा प्रयोग

हरि - ऊ

बुबा - उहाँ

दाइ - तपाईं

सपना - उनी



## अभ्यास

**१. तल दिइएको अनुच्छेद पढेर सर्वनाम शब्दमा ◯ गोलो घेरा लगाउनुहोस् :**

मेरो नाम कृष्ण हो । मेरो विद्यालयको नाम कुशेश्वर माध्यमिक विद्यालय हो । म कक्षा चारमा पढ्छु । मेरा मिल्ने साथीहरूका नाम हरि, दावा, अनिश, राधा र कृपा हुन् । उनीहरू पढ्नमा सिपालु छन् । मेरो कक्षा शिक्षकको नाम नारायण कार्की हो । उहाँ हामीलाई नेपाली विषय पढाउनुहुन्छ । हरि हाम्रो कक्षाको राम्रो पढ्ने विद्यार्थी हो । ऊ फुटबल खेल्न पनि सिपालु छ । तिमी पनि फुटबल राम्रो खेल्न सक्छौ भनेर मलाई खेल्न सिकाउँछ । राधा भने गीत गाउन सिपालु छिन् । उनी राम्रो गीत गाउँछिन् । मेरो भाइ पनि यसै विद्यालयमा पढ्छ । ऊ धेरै चकचक गर्छ । तँ धेरै चकचक नगर भनेर म सम्झाउने गर्दछु । हामी सबै मिलेर विद्यालयको सरसफाइ पनि गर्छौं ।

**२. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| पुरुषवाचक सर्वनाम | यो, त्यो, ती, यी, यिनीहरू |
| दर्शकवाचक सर्वनाम | आफू, आफैं, स्वयम् |
| सम्बन्धवाचक सर्वनाम | म, हामी, तँ, तिमी, ऊ, उनी |
| प्रश्नवाचक सर्वनाम | जो, जे, जुन, जोजो |
| निजवाचक सर्वनाम | के, कुन, को, कुनै, कोही |

## ३. तल दिइएका सर्वनाम शब्दलाई तालिकामा भर्नुहोस् :

म, आफू, ऊ, तिमी, उनी, जे, त्यो, स्वयम्, कुन, तपाईँ, केही, यी, जुन, को, जो

| पुरुषवाचक | दर्शकवाचक | सम्बन्धवाचक | निजवाचक | प्रश्नवाचक |
|---|---|---|---|---|
| | | | | |

## ४. तलका शब्दहरूमध्ये सर्वनाम शब्दलाई खाली ठाउँमा लेख्नुहोस् :

(क) हरि, उनी, जान्छ, एक, पनि ______

(ख) सुन्छ, ऊ, काम, भन्छ, होइन ______

(ग) पढ्छ, रमा, म, राम्रो, रातो ______

(घ) कक्षा, बस्छु, सबै, तपाईँ, नेपाली ______

(ङ) सफलता, हर्के, हामी, दर्शक, गाई ______

(च) केरा, जो, भन, तर, होइन ______

(छ) जोड, सहर, कालो, आफू, राम ______

(ज) सबै, घर, भाइ, पो, तिमी ______

## ५. मिल्दो सर्वनाम शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

(क) ______ पढ्न जान्छु । (हामी, म, उनी)

(ख) ______ चकचक गर्छस् । (ऊ, तिमी, तँ)

(ग) ______ सहर जान्छस् । (हामी, उनीहरू, त्यो)

(घ) ______ खेल्न जान्छौँ । (उनी, हामी, तिमीहरू)

(ङ) ________ खुब पढिन्छ। (आफू, तिमी, उनी)

(च) ________ गीत गाउँछिन्। (म, तँ, उनी)

(छ) ________ चार कक्षामा पढ्छ। (हामी, तिमी, ऊ)

(ज) ________ मेरा कलम हुन्। (ती, जे, तिमी)

## ६. आवश्यक सर्वनामको प्रयोग गरेर तलको खाली ठाउँ भर्नुहोस् :

(क) गोपाल कक्षा चारमा पढ्छ। ________ मिहिनेती छ।

(ख) मेरो भाइ सानो छ। ________ खेलौना मन पराउँछ।

(ग) सुजन किसान हुन्। ________ साह्रै परिश्रमी छन्।

(घ) सरला र गीता मिल्ने साथी हुन्। ________ सँगै पढ्छन्।

(ङ) राम र म मिल्ने साथी हौँ। ________ सँगै पढ्छौँ।

(च) सफल फुटबल खेल्छ। ________ खेलाडी हो।

## ७. तलका सर्वनाम शब्द राखी वाक्य बनाउनुहोस् :

म : ________

हामी : ________

तँ : ________

तिमी : ________

तपाईं : ________

ऊ : ________

उनी : ________

त्यो : ________

जो : ____________________

जेजे : ____________________

को : ____________________

**८. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) सर्वनाम भनेको के हो ?

(ख) सर्वनाम कति प्रकारका छन् ?

(ग) पुरुषवाचक सर्वनाम भनेको के हो ?


(घ) दर्शकवाचक सर्वनाम भनेको के हो ?

(ङ) सम्बन्धवाचक सर्वनाम भनेको के हो ?

(च) प्रश्नवाचक सर्वनाम भनेको के हो ?

(छ) निजवाचक सर्वनाम भनेको के हो ?

**९. तलका कोठामा पुरुषवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक र निजवाचक सर्वनाम पद लेख्नुहोस् :**



एकाइ ३

# विशेषण

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



ऊ धेरै काम गर्छ ।



रूख अग्लो छ ।




राम मिहिनेती छ ।



यो मेरो भाइ हो ।



हिमाल सेतो छ ।



टेबलमा एउटा पुस्तक छ ।



मसँग सय रूपैयाँ छ ।



केटी दुब्ली छे ।



यहाँ थुप्रै कलमहरू छन् ।

नाम अथवा सर्वनामको गुण, दोष, रङ, स्वभाव, परिमाण, अवस्था आदि विशेषता बुझाउन आउने शब्दलाई **विशेषण** भनिन्छ । विशेषण कस्तो, कत्रो, कति, जस्ता प्रश्नको उत्तरसँग सम्बन्धित हुन्छ ।

## २. विशेषणका प्रकार

विशेषण

- गुणबोधक विशेषण
- परिमाणबोधक विशेषण
- सङ्ख्याबोधक विशेषण
- सार्वनामिक विशेषण

### १. गुणबोधक विशेषण



लामो कपाल



रातो फूल



गोरी केटी



अग्लो हिमाल



हरियो साग



सानो घर



नीलो आकाश



कालो कोट



बुढो मान्छे

नाम अथवा सर्वनामको अकार, गुण, दोष, रङ आदि बुझाउन आउने विशेषणलाई **गुणबोधक विशेषण** भनिन्छ ।

## २. परिमाणबोधक विशेषण



धेरै किताब



ज्यादा खाना



अलिकति चामल



सम्पूर्ण विद्यार्थी



प्रशस्त ढुङ्गा



थोरै दुध

नाम अथवा सर्वनामको मात्रा बुझाउन आउने विशेषणलाई परिमाणबोधक विशेषण भनिन्छ ।


## ३. सङ्ख्याबोधक विशेषण




दुई ओटा कलम



सय रूपैयाँ



चारतले घर



एउटा किताब




प्रथम पुरस्कार

**30 दिन**

एक महिना

नाम शब्दको निश्चित सङ्ख्या अथवा क्रम बुझाउन आउने विशेषणलाई **सङ्ख्याबोधक विशेषण** भनिन्छ।


## ४. सार्वनामिक विशेषण


त्यो कलम


यी केटाहरू


ती गाईहरू


जो मानिस


कत्रो घर


को साथी

नाम शब्दको अगाडि प्रयोग भई त्यसैको विशेषता बुझाउने सर्वनामलाई **सार्वनामिक विशेषण** भनिन्छ।

### ३. तल दिइएका शब्दहरू पढेर बुझ्नुहोस् :

**गुणबोधक विशेषण शब्दहरू :** कालो, हरियो, होचो, अग्लो, सानो, ठुलो, धनी, गरिब, अमिलो, नयाँ, पुरानो, मिठो, राम्रो, अल्छी, मिहिनेती, लामो, गोलो, चेप्टो, बाटुलो, बिरामी, नेपाली, भोजपुरी।

**परिमाणबोधक विशेषण शब्दहरू :** अलिकति, थोरै, धेरै, प्रशस्त, निकै, केही, ज्यादा, कम्ती, सारा, अधिकांश, चौथाइ।

सङ्ख्याबोधक विशेषण शब्दहरू : एक, पचास, हजार, पहिलो, प्रथम, दोब्बर, चौगुना, आधा, सवा, चौथाइ, हरेक, एकएक, प्रत्येक, सयौँ, हजारौँ ।

सार्वनामिक विशेषण : यो, त्यो, यी, ती, जो, जुन, जे, जस्तो, को, कोही, कुन, कुनै, कत्रो ।



## अभ्यास

१. **तल दिइएको अनुच्छेद पढेर विशेषण शब्दमा गोला ◯ घेरा लगाउनुहोस् :**

मेरो विद्यालयको नाम अरुणोदय माध्यमिक विद्यालय हो । यो विद्यालय वरिपरि हरियाली वातावरण रहेको छ । विद्यालयको दक्षिणतर्फ बाक्लो जङ्गल छ भने उत्तरतर्फ सेता हिमालको मनमोहक दृश्य देखिन्छ । विद्यालयको वरिपरि राता, पहेँला, सेता फूलहरू ढकमक्क फुलेका छन् । मेरो विद्यालय एक तलाको छ । यहाँ चौबीस जना शिक्षक, शिक्षिका हुनुहुन्छ भने चार सय छात्रछात्राहरू छन् । यहाँका छात्रछात्राहरू असल छन् । हरेक अतिरिक्त क्रियाकलापमा भाग लिन्छन् । प्रथम, द्वितीय, तृतीय हुने विद्यार्थीहरूले पुरस्कार पनि पाउँछन् । विद्यालयले तयार पारेको खाजा मिठो हुन्छ । खेल खेल्नको लागि प्रशस्त खेलकुदका सामग्रीहरू छन् । खेल मैदान पनि ठुलो छ । कक्षाकोठामा हरेक बेन्च, टेबलहरू मिलाएर राखिएका छन् । धनी, गरिब, सानो, ठुलो भनेर भेदभाव नगरी गुरुले विद्यार्थीहरूलाई माया गर्नुहुन्छ । यो विद्यालयको प्रगति देखेर सबै गाउँका मानिसहरू खुसी छन् ।

२. **तल दिइएका शब्दहरू विशेषणको कुन प्रकारअन्तर्गत पर्दछन् ?**

प्रशस्त, प्रथम, सय, अग्लो, एउटा, ती, कुन, पचास, सम्पूर्ण, बढी, सेतो, पहिलो, त्यो, असल, हरेक, अधिक, एक, जुन, जो, बढी, दोस्रो, सानो, पुरानो, हरियो, सय, कत्रो, यो, पुरानो ।

| गुणबोधक | परिमाणबोधक | सङ्ख्याबोधक | सार्वनामिक |
|---|---|---|---|
| | | | |

## ३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| गुणबोधक | एक, पहिलो, सयौँ, हरेक |
| परिमाणबोधक | यो, जो, को, ती |
| सङ्ख्याबोधक | असल, धनी, रातो, सानो |
| सार्वनामिक | धेरै, सम्पूर्ण, सबै, अधिक |

## ४. उदाहरणमा दिएजस्तै नामपदलाई विशेषण बनाउनुहोस् :

नेपाल : नेपाली

पाल्पा : ____________

हिमाल : ____________

झापा : ____________

ज्ञान : ____________

रोग : ____________

भोजपुर : ____________

बनेपा : ____________

मिहिनेत : ____________

सहयोग : ____________

## ५. खाली ठाउँमा उपयुक्त विशेषण शब्द भर्नुहोस् :

राता, पाल्पाली, पचास, सानो, गुलियो, बुढो, प्रशस्त, पास

(क) राम परीक्षामा ____________ भयो।

(ख) मैले ____________ ढाका टोपी लगाएँ।

(ग) उसलाई ____________ चकलेट मन पर्छ।

(घ) आङदावालाई ____________ रूपैयाँ देऊ।


(ङ) मेरो ____________ भाइ खेल्न गयो।

(च) मेरो घरमा ________________ हजुरबा हुनुहुन्छ ।

(छ) बगैंचामा ________________ फूलहरू फुलेका छन् ।

(ज) किसानले ________________ अन्न उब्जाएछ ।

६. उदाहरणमा दिएजस्तै विशेषण र नाम शब्द मिलाएर लेख्नुहोस् :




असल केटो

(क) ________________

(ख) ________________

(ग) ________________

(घ) ________________

(ङ) ________________

७. तल दिइएका विशेषण शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :

अलिकति : ________________ ।

पुरानो : ________________ ।

पहिलो : ______________________________ ।

हजारौँ : ______________________________ ।

हरियो : ______________________________ ।

कत्रो : ______________________________ ।

कुन : ______________________________ ।

प्रशस्त : ______________________________ ।

अधिक : ______________________________ ।

जुन : ______________________________ ।

पचास : ______________________________ ।

बाटुलो : ______________________________ ।

## ८. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) विशेषण भनेको के हो ?

(ख) विशेषण कति प्रकारका छन् ?

(ग) गुणबोधक विशेषण भनेको के हो ?

(घ) परिमाणबोधक विशेषण भनेको के हो ?

(ङ) सङ्ख्याबोधक विशेषण भनेको के हो ?

(च) सार्वनामिक विशेषण भनेको हो ?

एकाइ ४

# क्रियापदको ज्ञान

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



आकाशबाट पानी पऱ्यो ।



म ध्यान दिएर पढ्छु ।



भाइ खेल्न गयो ।



दिदी पूजा गर्नुहुन्छ ।




हरि विद्यालय जाँदै छ ।



गमलामा राता फूल फुलेका छन् ।

वाक्यमा कर्ताले गरेको काम, घटना, अवस्था बुझाउन आउने शब्दलाई क्रिया भनिन्छ । क्रियापदले वाक्यलाई टुङ्ग्याउने काम गर्छ ।

## २. तलका फरक-फरक कोठामा भएका फरक-फरक शब्दहरू पढेर बुझ्नुहोस् :

| एक | दुई | तीन | चार | पाँच |
|---|---|---|---|---|
| खान्छ | खाएन | खुवाउँछ | पढेर | पढ् |
| खायो | खाँदैन | पढाउँछ | खाएर | पढोस् |
| खाने छ | खाने छैन | देखायो | सुनेर | भएस् |
| खाँदै छ | खाएनछ | पढाउँछु | जानेर | परुन् |
| खाएछ | खाएनन् | पढाएछ | भनेर | गरुन् |
| खाए | | पढायो | | |

- क्रियापदले वाक्यलाई टुङ्ग्याउने काम गर्छ ।
- क्रियापदले कुनै काम हुने अथवा नहुने कुरा बुझाउँछ ।
- क्रियापदले कसैले कसैलाई काम गर्न प्रेरणा दिने कुरा बुझाउँछ ।
- क्रियापद आज्ञा दिन अथवा इच्छा व्यक्त गर्न प्रयोग हुन्छन् ।
- खाएर, पढेर, सुनेर, जानेर जस्ता क्रियापदले वाक्यलाई पूरा गर्न सक्दैनन् ।

## ३. क्रियापदका प्रकार

### (क) सकर्मक र अकर्मक क्रिया



राम के खान्छ ?
राम भात खान्छ ।



हरि कसलाई पिट्छ ?
हरि भाइलाई पिट्छ ।

माथिको उदाहरणमा के खान्छ ? र कसलाई पिट्छ ? भनेर प्रश्न गर्दा उत्तर आउँछ । त्यसैले 'खान्छ' र 'पिट्छ' सकर्मक क्रिया हुन् ।

कर्म लिने क्रियालाई सकर्मक क्रिया भनिन्छ । वाक्यमा 'के' अथवा 'कसलाई' भनेर प्रश्न गर्दा उत्तरको रूपमा आउने शब्द कर्म हो ।



बहिनी धुरधुरु रोई ।



आमा मन्दिर जानुभयो ।

माथिको उदाहरणमा के रोई अथवा कसलाई रोई भन्दा प्रश्न गलत हुन्छ । त्यस्तै के जानुभयो अथवा कसलाई जानुभयो भन्दा पनि प्रश्न गलत हुन्छ। त्यसैले 'रोई' र 'जानुभयो' अकर्मक क्रिया हुन् ।

कर्म नलिने क्रियालाई अकर्मक क्रिया भनिन्छ। अकर्मक क्रिया प्रयोग भएको वाक्यमा के र कसलाई भनेर प्रश्न गर्न मिल्दैन ।

**तलका वाक्यहरू पढेर बुझ्नुहोस् :**

| सकर्मक क्रिया भएका वाक्य | अकर्मक क्रिया भएका वाक्य |
|---|---|
| मैले कलम किनें । | सजना कुर्सीमा बसी । |
| गुरु पाठ पढाउनुहुन्छ । | चोर घरभित्र पस्यो । |
| हरिले स्याउ खायो । | भाइ बेस्सरी रोयो । |
| बुबाले छोरीलाई माया गर्नुभयो । | दिपक भुसुक्क निदायो । |
| राम ढुङ्गा फोर्दै छ । | आमा मुसुक्क हास्नुभयो । |

## (ख) समापक क्रिया र असमापक क्रिया


भाइ पाठ पढ्छ ।


हामी फुटबल खेल्छौं ।


म चिडियाखाना घुम्न जान्छु ।


उनीहरू चङ्गा उडाउँछन् ।

वाक्यमा नाम अथवा सर्वनामले गरेका काम पूरा भएको बुझाउन आउने क्रियालाई समापक क्रिया भनिन्छ । समापक क्रियाले भनाइ पूरा गर्छ ।



म हिँडेर घर आएँ ।



तिमीहरू पढेर बस ।




उनीहरू बस चढेर गए ।



तिमीहरू चुप लागेर बस ।

वाक्यमा नाम अथवा सर्वनामले गरेको काम पूर्ण नभएको बुझाउन आउने क्रियालाई असमापिका क्रिया भनिन्छ। असमापिका क्रियाले मात्र वाक्य पूरा गर्दैन । हिँडेर, पढेर, चढेर, भनेर, गरेर, खेलेर, पसेर आदि असमापिका क्रिया हुन् ।

## तलका वाक्यहरू पढेर बुझ्नुहोस् :

| समापिका क्रिया प्रयोग भएका वाक्यहरू | असमापिका क्रिया प्रयोग भएका वाक्यहरू |
|---|---|
| बहिनी खान बसिन् । | भाइ हातमुख धोएर पढ्न बस्यो । |
| ऊ खेल्न गई । | पढ्दा पढाइमा ध्यान दिनुपर्छ । |
| राम भाइलाई पढाउँछ । | राजुलाई बोलाएर आऊ । |
| मैले सिनेमा हेरेँ । | म घर गएर खाजा खान्छु । |
| हामी भकुण्डो खेल्छौँ । | उनीहरू खेलेर आए । |
| तँ घुम्न जान्छस् । | पानी परेर जाडो भयो । |



## अभ्यास

**१. तल दिइएका अनुच्छेद पढेर क्रियापद शब्दमा गोलो ○ घेरा लगाउनुहोस् :**

हामी आफ्नो नाम फैलाउन सक्छौँ । बालक भएर बाँच्न सक्छौँ । म आफ्नो अधिकारप्रति सचेत हुँदै छु । हामी सबै सचेत हुनुपर्छ । मैले सक्ने काम म आफैँ गर्छु र म जबर्जस्ती गरेको सहन्न, विरोध गर्छु । हामीले यसै गर्नुपर्छ । मैले अधिकार नपाए म अधिकारका लागि आवाज उठाउँछु । सबैले यसै गर्नुपर्छ । ठुलाबडाहरू आफ्नो अधिकारका कुरा गर्छन् । मानवअधिकार भनी कुर्लन्छन् । उनीहरू बाल अधिकारका पनि कुरा गर्छन् । उनीहरू 'बालक देशका कर्णधार हुन' भन्छन् । बालअधिकारका बारेमा सन्धि र सम्झौता पनि गरेका छन् । हामीले तिनको पालनामा जोड दिनुपर्छ । हामीले आफूलाई सक्षम तुल्याउनुपर्छ । हाम्रा परिवारले पनि हामीलाई समान अवसर दिनुपर्छ । हामीले बाँच्न र खेल्न पाउनुपर्छ । हामी सबैले पढ्न पाउनुपर्छ ।

**२. खाली ठाउँमा मिल्ने क्रियापद भर्नुहोस् :**

(क) उनी बजार ______________ ।

(ख) हामी पाठ ______________ ।

(ग) म खेल्न ______________ ।

(घ) आज पानी ______________ ।

(ङ) चरो भुर्र ______________ ।

(च) गाई घाँस ______________ ।

(छ) साथीले गीत ______________ ।

(ज) उनीहरू कथा ______________ ।

गए
पर्छ
उड्यो
गइन्
पढ्छौँ
गाएछन्
सुन्छन्
खान्छ

**३. तल दिइएका सकर्मक र अकर्मक क्रिया चिनेर खाली ठाउँ भर्नुहोस् :**

गाएन, पढ्यो, हाँस्छ, सुन्छ, बसी, खिच्छ, जानुहुन्छ, उड्छ, परेछ, खेल्छ, लेख्छ, लेख्छिन्, भन्छन्, खिच्छे, चलायो, डुबेन, पिट्यो, हेरिन् ।

| सकर्मक क्रिया | अकर्मक क्रिया |
|---|---|
| | |

## ४. तल दिइएका समापिका र असमापिका क्रिया चिनेर खाली ठाउँ भर्नुहोस् :

भनेर, पाउनुपर्छ, दिएर, भन्छन्, गरेर, बढ्छ, गाउँछौँ, बोलाएर, खाएर, जान्छु, डुलेन, नपर्ला, सुनेर, धोएर, हुन्, गइन्, देख्यो, हेरेर, पसेर, बसी, हाँसेर, थियौ, डुल्थी।

| समापिका क्रिया | असमापिका क्रिया |
|---|---|
| | |

## ५. मिल्दो ठाउँमा मिल्दो क्रिया भर्नुहोस् :

(क) म विद्यालय ________________। (जान्छु, जान्छौ, जान्छस्)

(ख) ऊ गीत ________________। (गाउँछु, गाउँछ, गाउँछन्)

(ग) तिमी खेल्न ________________। (जान्छस्, जाऊ, जाला)

(घ) हामी कक्षा चारमा ________________। (पढ्छ, पढ्छु, पढ्छौँ)

(ङ) उनी ज्ञानी ________________। (छिन्, छ, छेस्)

(च) ऊ सहर ________________। (जाने छ, जाने छिन्, जाने छु)

(छ) गाई घाँस ________________। (खान्छे, खान्छिन्, खान्छ)

(ज) ऊ सबेरै ________________। (उठ्नुहुन्छ, उठ्छ, उठ्छन्)

(झ) तपाईं हामीलाई ________________।(पढाउनुहुन्छ, पढाउँछन्, पढाउँछ)

## ६. उदाहरणमा दिएजस्तै गरी क्रिया बनाउनुहोस् :

| लेख् | लेख्छु | लेख्छे | लेख्छिन् | लेख्छ | लेख्नुहुन्छ | लेख्छन् |
|---|---|---|---|---|---|---|
| पढ् | | | | | | |
| सुन् | | | | | | |
| भन् | | | | | | |
| गर् | | | | | | |
| उठ् | | | | | | |
| हिँड् | | | | | | |

## ७. तलका क्रियाबाट एक-एक ओटा वाक्यहरू बनाउनुहोस् :

पढ्छ : ________________ ।

गाउँछ : ________________ ।

खेल्ने छ : ________________ ।

भन्छन् : ________________ ।

जान्छौ : ________________ ।

लड्यो : ________________ ।

उठ्छ : ________________ ।

निदायो : ________________ ।

## ८. तल दिइएका प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) क्रिया भनेको के हो ?

(ख) समापक क्रिया भनेको के हो ?

(ग) असमापक क्रिया भनेको के हो ?

(घ) सकर्मक क्रिया भनेको के हो ?

(ङ) अकर्मक क्रिया भनेको के हो ?

एकाइ ५

# अव्यय

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



हिजो **के** खायौ ?



**झलमल्ल** घाम लाग्यो ।



राम **र** हरि विद्यालय गए ।



राम **फटाफट** हिँड्यो ।



**आहा !** कति राम्रो फूल ।



ऊ बजार**तिर** हिँड्यो ।



बहिनी **भुसुक्क** निदाई ।



**लौ** अब खेल्न जाऊ ।

लिङ्ग, वचन, पुरुष आदिका आधारमा रूप परिवर्तन नहुने शब्दलाई **अव्यय** भनिन्छ ।

## २. अव्ययका प्रकार


अव्यय

- नामयोगी
- क्रियाविशेषण
- विस्मयादिबोधक
- संयोजक
- निपात


### (क) नामयोगी



खोलातिर नजाऊ ।



मसित कलम छ ।



टेबलमाथि पुस्तक छ ।



म भाइसित खेल्छु ।



दिदीभन्दा बहिनी अल्छी छे ।



म बाघदेखि डराउँछु ।

नाम अथवा सर्वनाम पदसित जोडिएर आउने शब्दलाई **नामयोगी** भनिन्छ । सित, सँग, तिर, तर्फ, पट्टि, वारि, पारि, अनुसार, बाहेक, बमोजिम, सम्म, देखि आदि नामयोगी शब्द हुन् ।


## (ख) क्रियाविशेषण



उनी विस्तारै जान्छिन् ।



राम खुरूखुरु पढ्छ ।



आगो दनदनी बल्यो ।



बहिनी मुसुक्क हाँसी ।



भाइ पढेर आयो ।



रूख ज्यादै अग्लो छ ।

वाक्यमा क्रियाको विशेषता बुझाउन आउने अव्यय शब्दलाई क्रियाविशेषण भनिन्छ । क्रियाविशेषणलाई क्रियायोगी पनि भनिन्छ । माथि, मुनि, वर, पर, फटाफट, अघि, विस्तारै, खुरूखुरु, दनदनी, मुसुक्क, पढेर, अग्लो, पछि, हिजो, आज, खलखली आदि क्रियाविशेषण हुन् ।

## ग) विस्मयादिबोधक



आच्छु ! कस्तो चिसो पानी ।



ऐया ! टाउको ठोकियो ।




ओहो ! तिमी आयौ ।



छि ! कस्तो गन्हाएको ।



कठै ! के सुन्नुपऱ्यो ।



हरे शिव ! गाउँमा बाढी पो पसेछ ।

मान्छेका मनमा उत्पन्न हुने हर्ष, विस्मात, पीडा, खुसी, घृणाजस्ता भाव व्यक्त गर्ने अव्यय शब्दलाई **विस्मयादिबोधक** भनिन्छ । अहो, कठै, बिचरा, आच्छु, हरे, वाह, स्याबास, धत्, छि, ज्या, लाजस्ता शब्द विस्मयादिबोधक शब्द हुन् । यी शब्द उद्गार ( ! ) चिह्नका साथमा प्रयोग हुन्छन् ।

## (घ) संयोजक



रचना आइ तर सजना आइन ।



लाक्पा र दावा विद्यालय गए ।



तिमीले गायौ भने म नाच्छु ।



बहिनी हात धुन्छे अनि खाना खान्छे ।




जो अल्छी छ त्यो उनुत्तीर्ण हुन्छ ।



बिस्तारै हिँड नत्र लडिन्छ ।

दुई अथवा दुईभन्दा बढी शब्द अथवा वाक्यहरूलाई जोड्न आउने अव्यय पदलाई संयोजक भनिन्छ । र, वा, तर, अनि, तापनि, त्यसैले, भने, किनकि, किनभने, अथवा, किजस्ता पद संयोजक हुन् ।

## (ङ) निपात



खै, राम आएन नि ।



भाइ त ज्ञानी छ ।



लौ, हामी पनि जाऔँ ।



अहँ म भोलि विद्यालय आउदिन ।



नाइँ म त खाजा खान्नँ ।



बुबा घरमै हुनुहुन्छ क्यारे ।

आफ्नो छुट्टै अर्थ नभएको तर वाक्यमा अन्य शब्दहरूसँग आउँदा शब्दमा विशेष जोड दिएर अर्थलाई थप स्पष्ट पार्न आउने अव्यय शब्दलाई निपात भनिन्छ । ए, पो, त, नि, खै, रे, चाहिँ, क्यारे, अहँ, नाइँ आदि शब्द निपात हुन् ।



## अभ्यास

**१. तल दिइएको अनुच्छेद पढेर अव्यय शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :**

लाक्पा खाना खाएर फटाफट विद्यालय गयो । ऊ विद्यालय गएर बगैँचामा डुल्न गयो । बगैँचामा ढकमक्क फूल फुलेका थिए । उसले एउटा फूल टपक्क टिप्यो । फूलमा बसेको मौरीले उसलाई टोक्यो । ऐया ! मलाई केले टोक्यो भनेर ऊ क्वाँक्वाँ रुन थाल्यो । यो देखेर गुरुले तिमीलाई के भयो हँ भनेर प्रश्न सोध्नुभयो । उसले सबै कुरा बतायो । बिचरा ! तिमी अब नरोऊ निको हुन्छ भनेर गुरुले सम्झाएपछि ऊ शान्त भयो । त्यसपछि ऊ सरासर कक्षामा गयो । साथीसँग मिलेर पढ्न थाल्यो ।

**२. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| नामयोगी | र, अनि, तापनि, अथवा |
| क्रियाविशेषण | पो, नि, न, क्यारे |
| विस्मयादिबोधक | तिर, सम्म, तर्फ, पट्टि |
| संयोजक | भोलि, फटाफट, अगाडि, मुनि |
| निपात | कठै, आहा, बिचरा, हरे |

एकाइ ६

# लिङ्ग

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



हजुरबा



हजुरआमा



केटो



केटी



दुलहा



दुलही



नायक



नायिका



राँगो



भैंसी

भाले जाति र पोथी जाति छुट्याउन आउने शब्दलाई **लिङ्ग** भनिन्छ।


## लिङ्गको प्रकार

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :

**लिङ्ग २ प्रकारका छन् :**

क) पुलिङ्ग ख) स्त्रीलिङ्ग

### (क) पुलिङ्ग



गायक गीत गाउँछ ।



बाघ वनमा बस्छ ।



बुबा घरमा आउनुभयो ।



सानो छोरो आयो ।



गोरुले खेत जोत्छ ।



गुरुले पाठ पढाउनुभयो ।



केटो मोटो छ।



मामा डाक्टर हुनुहुन्छ।

पुरुष अथवा भाले जाति बुझाउने शब्दलाई पुलिङ्ग भनिन्छ।

## (ख) स्त्रीलिङ्ग



गायिका गीत गाउँछे।



बघिनी वनमा बस्छ।



आमा घरमा आउनुभयो।



सानी छोरी आई।



गाई घाँस खान्छ।



गुरुआमाले पाठ पढाउनुभयो।



केटी मोटी छे ।



दिदी डाक्टर हुनुहुन्छ ।

स्त्री अथवा पोथी जाति बुझाउने शब्दलाई स्त्रीलिङ्ग भनिन्छ ।

## ३. तल दिइएका वाक्यहरू पढेर बुझ्नुहोस् :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| केटो खेल्न जान्छ । | केटी खेल्न जान्छे । |
| राम अग्लो छ । | सीता अग्ली छे । |
| कवि कविता लेख्छ । | कवयित्री कविता लेख्छे । |
| भाइ गोरो छ । | बहिनी गोरी छे । |
| काका खेतमा काम गर्नुहुन्छ । | काकी खेतमा काम गर्नुहुन्छ । |
| नाति ज्ञानी छ । | नातिनी ज्ञानी छे । |
| भिनाजु विदेश जानुभयो । | दिदी विदेश जानुभयो । |

## ४. लिङ्ग परिवर्तन

एउटा लिङ्गलाई अर्को लिङ्गमा परिवर्तन गर्नुलाई लिङ्ग परिवर्तन भनिन्छ । नाम, विशेषण र क्रियामा लिङ्ग परिवर्तन हुन्छ ।

## नाम

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| बुबा | आमा |
| दाजु | भाउजू |
| मामा | माइजू |
| काका | काकी |
| कुमार | कुमारी |
| छात्र | छात्रा |
| बाहुन | बाहुनी |
| छोरो | छोरी |
| केटो | केटी |
| नायक | नायिका |
| दुलाहा | दुलही |

## विशेषण

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| मोटो | मोटी |
| राम्रो | राम्री |
| पातलो | पातली |
| गोरो | गोरी |
| कालो | काली |
| कान्छो | कान्छी |
| सेतो | सेती |

**क्रियापद**

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| पढ्छ | पढ्छे |
| सुन्छ | सुन्छे |
| छ | छिन् |
| थियो | थिइन् |
| खाने छ | खाने छिन् |
| भन्छ | भन्छिन् |
| गयो | गइन् |

## ५. लिङ्ग परिवर्तन गर्ने तरिका

### (क) पुलिङ्ग शब्दमा 'ई' जोडेर स्त्रीलिङ्ग बनाइन्छ :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| भान्जो | भान्जी |
| सालो | साली |
| छोरो | छोरी |
| अग्लो | अग्ली |
| मोटो | मोटी |
| पाठो | पाठी |
| बाच्छो | बाच्छी |

(ख) पुलिङ्ग शब्दमा 'इनी' थपेर स्त्रीलिङ्ग बनाइन्छ :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| थापा | थपिनी |
| लामा | लमिनी |
| शेर्पा | शेर्पिनी |
| जोगी | जोगिनी |
| मित | मितिनी |
| बाघ | बघिनी |
| भक्त | भक्तिनी |
| सिंह | सिंहिनी |

(ग) पुलिङ्ग शब्दमा 'नी' थपेर स्त्रीलिङ्ग बनाइन्छ :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| साहु | साहुनी |
| पसले | पसल्नी |
| नाति | नातिनी |
| नेवार | नेवार्नी |
| मगर | मगर्नी |
| पण्डित | पण्डित्नी |
| जोगी | जोगिनी |
| छेत्री | छेत्रिनी |
| कुकुर | कुकुर्नी |

### (घ) पुलिङ्ग शब्दमा 'इका' थपेर स्त्रीलिङ्ग बनाइन्छ :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| बालक | बालिका |
| नायक | नायिका |
| लेखक | लेखिका |
| चालक | चालिका |
| सेवक | सेविका |
| अध्यापक | अध्यापिका |

### (ङ) शब्दको रूप परिवर्तन गरेर स्त्रीलिङ्ग बनाइन्छ :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| बुबा | आमा |
| पुरुष | महिला |
| भाइ | बहिनी |
| मामा | माइजू |
| भाले | पोथी |
| ज्वाइँ | छोरी |
| ससुरा | सासू |
| लोग्ने | स्वास्नी |
| राजा | रानी |
| कवि | कवयित्री |
| गोरु | गाई |
| दाजु | भाउजू |

### (च) शब्दको अघिल्लो र पछिल्लो रूप परिवर्तन गरेर स्त्रीलिङ्ग बनाइन्छ :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| गुरुबा | गुरुआमा |
| हजुरबा | हजुरआमा |
| लोग्ने मान्छे | स्वास्नी मान्छे |
| भाले हाँस | पोथी हास |
| भाले परेवा | पोथी परेवा |
| बाबु साहेब | मैया साहेब |



## अभ्यास

### १. तल दिइएका अनुच्छेद पढेर पुलिङ्ग, स्त्रीलिङ्ग छुट्याउनुहोस् :

नन्दलालको घर गाउँमा छ । उसको एउटा सानो परिवार छ । उसको बुबाको नाम लक्ष्मणलाल हो भने आमाको नाम सम्झना हो । उसको दाजु भाउजू सहरमा बस्नुहुन्छ । उसको दाजु गायक हो भने भाउजू गायिका हुन् । उसको भाइ श्रवण कक्षा चारमा पढ्छ । उसकी बहिनी सदीक्षा सानी छे । उसको बुबा आमा किसान हुन् । उनीहरूले घरमा गोरु, गाई, बाख्रा, कुखुरा, हाँस पालेका छन् । नन्दलाल अग्लो र पातलो छ । उसकी बहिनी गोरी छे भने दाइ मोटो हुनुहुन्छ ।

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

२. तल दिइएका वाक्यलाई स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस् :

(क) मामा विदेशमा हुनुहुन्छ ।

(ख) छात्र पाठ पढ्छ ।

(ग) लेखक कथा लेख्छ ।

(घ) गायक गीत गाउँछ ।

(ङ) गुरु पाठ पढाउनुहुन्छ ।

(च) गोरु घाँस खान्छ ।

(छ) भाइ खेल्न जान्छ ।

(ज) साने ज्ञानी छ ।

३. तल दिइएका वाक्यलाई पुलिङ्गमा बदल्नुहोस् :

(क) छोरी पढ्न जान्छे ।

(ख) माइजू घर आउनुभयो ।

(ग) आमा खाना पकाउनुहुन्छ ।

(घ) बालिका ज्ञानी छे ।

(ङ) छात्राहरू पुस्तकालयमा छन् ।

(च) भैँसी घाँस खान्छ ।

(छ) बहिनी पसल जान्छे ।

(ज) सीता असल छिन् ।

४. तल दिइएका शब्दलाई स्त्रीलिङ्गमा बदल्नुहोस् :

सानो, पण्डित, पुरुष, भाले, परेवा, गुरुबा, चालक, लामा, थापा, नाति, मगर, चरो, कालो, ठुलो, पाठो, पढ्छ, खान्छ, हिँड्यो, थियो, खान्छ, जान्छ, आउँदै छ ।

| पुलिङ्ग | स्त्रीलिङ्ग |
| --- | --- |
| ______ | ______ |
| ______ | ______ |
| ______ | ______ |
| ______ | ______ |
| ______ | ______ |

५. तल दिइएका शब्दलाई पुलिङ्गमा बदल्नुहोस् :

आमा, नायिका, लेखिका, छोरी, स्वास्नी, बहिनी, महिला, भान्जी, बाख्रो, गाई, गुरुआमा, लोग्ने मान्छे, बघिनी, ठूली, नारी, बाहुनी, काली, सेती, पोथी, कवयित्री, सुन्छे, खान्छिन्, भन्छे, पढ्दै छिन्, गाउँछे।

| पुलिङ्ग | स्त्रीलिङ्ग |
| --- | --- |
| ______ | ______ |
| ______ | ______ |
| ______ | ______ |
| ______ | ______ |
| ______ | ______ |

६. तलका प्रश्नको उत्तर भन्नुहोस् :

(क) लिङ्ग भनेको के हो ?



(ख) पुलिङ्ग भनेको के हो ?


(ग) स्त्रीलिङ्ग भनेको के हो ?

एकाइ ८

# वचन

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :

| एकवचन | बहुवचन |
| --- | --- |
|  अग्लो रूख |  अग्ला रूखहरू |
|  रातो गाई |  राता गाईहरू |
|  ठुलो घर |  ठुला घरहरू |



रातो फूल



राता फूलहरू



एउटा कलम



धेरै कलमहरू

एउटा मात्र सङ्ख्या बुझाउने शब्दलाई एकवचन भनिन्छ ।
दुई अथवा दुईभन्दा बढी सङ्ख्या बुझाउने शब्दलाई बहुवचन भनिन्छ ।

## २. तल दिइएका वाक्यहरू पढेर बुझ्नुहोस् :

| एकवचन | बहुवचन |
|---|---|
| म विद्यालय गएँ । | हामी विद्यालय गयौँ । |
| ऊ हिमाल चढ्छ । | उनीहरू हिमाल चढ्छन् । |
| तँ फुटबल खेल्छस् । | तिमीहरू फुटबल खेल्छौ । |
| बगैँचामा फूल छ । | बगैँचामा फूलहरू छन् । |
| त्यहाँ किताब छ । | त्यहाँ किताबहरू छन् । |
| केटी राम्ररी पढ्छे । | केटीहरू राम्ररी पढ्छन् । |

## ३. वचन परिवर्तन

एउटा वचनलाई अर्को वचनमा परिवर्तन गर्नुलाई वचन परिवर्तन भनिन्छ । नाम, सर्वनाम, विशेषण र क्रियाको वचन परिवर्तन हुन्छ ।

### नाम

| एकवचन | बहुवचन |
|---|---|
| कलम | कलमहरू |
| छात्र | छात्राहरू |
| घर | घरहरू |
| मुसो | मुसाहरू |
| रूख | रूखहरू |
| चरो | चराहरू |

### सर्वनाम

| एकवचन | बहुवचन |
|---|---|
| म | हामी |
| तँ | तिमीहरू |
| तिमी | तिमीहरू |
| तपाईँ | तपाईँहरू |
| ऊ | उनीहरू |
| उनी | उनीहरू |
| यो | यिनीहरू |
| त्यो | तिनीहरू |

## विशेषण

| एकवचन | बहुवचन |
| --- | --- |
| कालो | काला |
| रातो | राता |
| हरियो | हरिया |
| राम्रो | राम्रा |
| गोरी | गोरा |
| पातलो | पातला |
| तीतो | तीता |
| सानो | साना |
| ठुलो | ठुला |

## क्रिया

| एकवचन | बहुवचन |
| --- | --- |
| जान्छ | जान्छन् |
| भन्छ | भन्छन् |
| पढ्यो | पढे |
| खान्छ | खान्छन् |
| लेख्छु | लेख्छौ |
| हेर्दै छ | हेर्दै छन् |
| पढ्ने छ | पढ्ने छन् |
| थियो | थिए |
| बस्यो | बसे |



## अभ्यास

**१. तल दिइएका अनुच्छेद पढेर एकवचन र बहुवचनका वाक्य छुट्याएर तालिकामा लेख्नुहोस् :**

म बालक हुँ। म सानो छु। मानिसहरू मलाई कोपिला भन्छन्। शिक्षकहरू फुल्नुपर्छ भन्नुहुन्छ। म फुल्न चाहन्छु। काम गरेर सबैलाई चकित तुल्याउन सक्छु। म मरेर पनि बाँच्न चाहन्छु। सबै बालक पढ्न चाहन्छन्। मानिसहरू हामीलाई बुझ्दैनन्। मजस्ता बालकहरू पनि साहुकहाँ काम गर्छन्। उनीहरू बालश्रमिक र घरेलु कामदार बनेका छन्। विरोध गरेमा हाम्रो सुरक्षा छैन। त्यसैले हामीजस्ता धेरै चुपचाप अन्याय सहेर बसेका छन्। बाल अधिकारसम्बन्धी काम गर्ने संस्थाहरू हाम्रो संरक्षण गर्छन्। हामीलाई शिक्षा दिन्छन्। म पनि उनीहरूले दिएको शिक्षा लिन्छु। मैले सक्ने काम म आफैँ गर्छु। मैले अधिकार नपाए म अधिकारका लागि आवाज उठाउँछु। हामीले पनि आवाज उठाउनुपर्छ।

| एकवचन | बहुवचन |
|---|---|
| ______________________ | ______________________ |
| ______________________ | ______________________ |
| ______________________ | ______________________ |
| ______________________ | ______________________ |
| ______________________ | ______________________ |

**२. तलका वाक्यलाई बहुवचनमा परिवर्तन गर्नुहोस् :**

(क) म सचेत हुनुपर्छ।

(ख) म सानो छु।

(ग) डाक्टरले बिरामी जाँचे।

(घ) गोपाल विद्यालय गयो।

(ङ) पण्डित बिरामी परे ।

(च) भाइ घर आयो ।

(छ) ऊ खेल्न जान्छ ।

(ज) चरो रूखमा छ ।

## ३. तलका वाक्यलाई एकवचनमा परिवर्तन गर्नुहोस् :

(क) मानिसहरू हामीलाई बुझ्दैनन् ।

(ख) सबै बालकहरू पढ्न चाहन्छन् ।

(ग) हाम्रा अधिकारका बारेमा कुरा गर्छन् ।

(घ) उनीहरू जान्छन् ।

(ङ) तपाईंहरू खाना खानुहोस् ।

(च) हामीहरू घुम्न जान्छौँ ।

(छ) तिमीहरू ज्ञानी छौ ।

(ज) विद्यार्थीहरू पुस्तकालयमा छन् ।

## ४. तल दिइएका शब्दहरूलाई एकवचन र बहुवचन छुट्याउनुहोस् :

हामी, उनी, तँ, तपाईंहरू, साथी, म, केटाहरू, गोरा, राता, उठ्छन्, मोटा, पढ्यो, खाँदै छ, थियो, मेच, घरहरू, भाइहरू, उनी, मानिस, घोडाहरू, सानो, बालक, पढ्छन्, जाँदै छन्, गाई, सानो, राता ।

| एकवचन | बहुवचन |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

५. तल दिइएका एकवचनका शब्दलाई बहुवचनमा बदल्नुहोस् :

कलम, खान्छ, पुस्तक, उनी, म, तँ, तिमी, लुगा, घर, रूख, केटो, सुन्छ, भन्छ, खान्छु, केटो, मेरो, तपाईं, हात्ती, मान्छे

| एकवचन | बहुवचन |
| --- | --- |
| ______ | ______ |
| ______ | ______ |
| ______ | ______ |
| ______ | ______ |
| ______ | ______ |

६. तल दिइएका शब्दलाई एकवचनमा बदल्नुहोस् :

हामी, उनीहरू, फुटबलहरू, साथीहरू, छात्राहरू, राता, मोटा, काला, भन्छन्, भन्छौँ, जान्छन्, गयौ, घरहरू, भाइहरू, तिनीहरू, रामहरू, सेता, बस्छौ, तिमीहरू, छन्, मन्दिरहरू, पढ्छन्, थिए।

| एकवचन | बहुवचन |
| --- | --- |
| ______ | ______ |
| ______ | ______ |
| ______ | ______ |
| ______ | ______ |
| ______ | ______ |

७. तलका प्रश्नको उत्तर भन्नुहोस् :

क) वचन भनेको के हो ?

ख) एकवचन भनेको के हो ?

ग) बहुवचन भनेको के हो ?

एकाइ ८

# पुरुष

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



म क्रिकेट खेल्छु ।



हामी क्रिकेट खेल्छौं ।



तँ पाठ पढ्छस् ।



तिमी खाना खान्छौ ।



ऊ बजार जान्छ ।



उनी बजार जान्छिन् ।



उनीहरू घाँस काट्छन् ।



तिमीहरू गीत गाउँछौ ।

व्यक्ति बुझाउने शब्दलाई पुरुष भनिन्छ । पुरुषको अभिव्यक्ति सर्वनाम र क्रियामा हुन्छ ।

## २. पुरुषका प्रकार

पुरुष तीन प्रकारका छन् :

(क) प्रथम पुरुष (ख) द्वितीय पुरुष (ग) तृतीय पुरुष

### (क) प्रथम पुरुष



म विद्यार्थी हुँ ।



हामी विद्यार्थी हौँ ।

बोल्ने व्यक्तिका बारेमा बताउने शब्दलाई प्रथम पुरुष भनिन्छ । म र हामी प्रथम पुरुष हुन् ।

### (ख) द्वितीय पुरुष



तँ गीत गाउँछस् ।



तिमी पाठ पढ्छौ ।



तिमीहरू फुटबल खेल्छौ ।



तपाईं खाना पकाउनुहुन्छ ।

सुन्ने व्यक्तिका बारेमा बुझाउने द्वितीय पुरुष भनिन्छ । तँ, तिमी, तपाईं, तिमीहरू, तपाईंहरू द्वितीय पुरुष हुन् ।

## (ग) तृतीय पुरुष




ऊ खेल्न गयो ।



उनी घर जान्छिन् ।



उनीहरू हिमाल चढ्छन् ।




तिनीहरू सिनेमा हेर्छन् ।

तेस्रो व्यक्तिका बारेमा बताउने शब्दलाई तृतीय पुरुष भनिन्छ । ऊ, उनी, उनीहरू, तिनीहरू, तृतीय पुरुष हुन् ।

## ३. पुरुष परिवर्तन

प्रथम पुरुषबाट द्वितीय पुरुषमा, द्वितीय पुरुषबाट प्रथम अथवा तृतीय पुरुषमा र तृतीय पुरुषबाट द्वितीय अथवा प्रथम पुरुषमा बदल्ने प्रक्रियालाई पुरुष परिवर्तन भनिन्छ ।

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म लेख्छु । | तँ लेख्छस् । | ऊ लेख्छ । |
| हामी पढ्छौँ । | तिमीहरू पढ्छौ । | उनीहरू पढ्छन् । |
| मैले खाना खाएँ । | तैँले खाना खाइस् । | उसले खाना खायो । |
| म हाँस्छु । | तपाईं हाँस्नुहुन्छ । | उहाँ हाँस्नुहुन्छ । |



## अभ्यास

**१. तलको अनुच्छेद पढेर प्रथम, द्वितीय र तृतीय पुरुष बुझाउने शब्दहरू तालिकामा भर्नुहोस् :**

म सधैँ विद्यालय जान्छु । तिमी पनि जानुपर्छ है । साथीहरू पनि सधैँ विद्यालय जान्छन् । हामी घरमा त्यत्तिकै बस्नु हुँदैन । म भाइलाई  तँ किन खेलेर बस्छस् पढ्न जाँदैनस् भनेर गाली गर्छु । मेरी बहिनी भने ज्ञानी छे । ऊ सधैँ विद्यालय जान्छे । म तपाईंलाई काममा सघाउँछु भनेर आमालाई भन्छे । आमाले हामीलाई सधैँ पढ्न जाओ भनेर भन्नुपर्छ । उहाँ हाम्रो भविष्य उज्ज्वल भएको देख्न चाहनुहुन्छ । राम, श्याम, हरि मेरा मिल्ने साथी हुन् । उनीहरू फुटबल खेल्न मन पराउँछन् । मेरी साथी रमा चित्र बनाउन सिपालु छिन् । उनी राम्रो गीत पनि गाउँछिन् । हामी सबै मिलेर विद्यालय जान्छौँ ।

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| | | |

## २. तल दिइएका शब्दलाई तालिकामा भर्नुहोस् :

म, ऊ, हामी, तँ, उहाँ, उनी, तिमी, हामीहरू, तिनीहरू, तपाईं, उनीहरू, तपाईंहरू

## ३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| प्रथम पुरुष | ऊ खेत खन्छ । |
| द्वितीय पुरुष | म चित्र बनाउँछु । |
| तृतीय पुरुष | तँ राम्ररी नाच्छस् |

## ४. कोष्ठकबाट मिल्ने शब्द छानेर खाली ठाउँमा लेख्नुहोस् :

(क) ______________ फुटबल खेल्दै छन् । (म, हामी, उनीहरू)

(ख) ______________ चित्र बनाउँछु । (तँ, म, ऊ)

(ग) ______________ धेरै नबोल । (तँ, हामी, तिमी)

(घ) ______________ घुम्न जान्छौँ । (तिमी, तपाईं, हामी)

(ङ) ______________ राम्ररी पढ्छिन् । (उनी, ऊ, तिमी)

(च) ______________ अल्छी केटो हो । (तपाईं, ऊ, हामी)

(छ) ______________ घर जानुहुन्छ । (तँ, तिमी, तपाईं)

## ५. कोष्ठकको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) म कथा पढ्छु । द्वितीय पुरुष : ______________________ ।

(ख) ऊ घुम्न जान्छ । प्रथम पुरुष : ______________________ ।

ग) उनी घरमा छिन् । द्वितीय पुरुष : ______________________ ।

घ) तिमी काम गर्छौ । तृतीय पुरुष : ______________________ ।

(ङ) तँ खेल्न जान्छस् । तृतीय पुरुष : ______________________ ।

(च) तपाईं खाना खानुहोस् । प्रथम पुरुष : ______________________ ।

(छ) हामीहरू गीत गाउँछौँ । द्वितीय पुरुष : ______________________ ।

## ६. तलका वाक्यहरूलाई द्वितीय पुरुषमा परिवर्तन गर्नुहोस् :

(क) म सबेरै उठ्छु । : ____________________

(ख) म खेल्न जान्छु । : ____________________

(ग) ऊ घरमा बस्छ । : ____________________

(घ) हामी सिनेमा हेर्छौं । : ____________________

(ङ) उनी गीत गाउँछिन् । : ____________________

## ७. तल दिइएका वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गर्नुहोस् :

(क) म घाँस काट्छु । : ____________________

(ख) तिमी खाना खान्छौ । : ____________________

(ग) तपाईं घरमा बस्नुहुन्छ । : ____________________

(घ) तँ खेल्न जान्छस् । : ____________________

(ङ) हामी इन्टरनेट चलाउँछौं । : ____________________

## ८. तल दिइएका वाक्यलाई प्रथम पुरुषमा परिवर्तन गर्नुहोस् :

(क) ऊ हिमाल चढ्छ । : ____________________

(ख) उनी बिरामी छिन् । : ____________________

(ग) उनीहरू बजार जान्छन् । : ____________________

(घ) तिमी पाठ पढ्छौ । : ____________________

(ङ) तपाईं घुम्न जानुहुन्छ । : ____________________

एकाइ ९

# पदसङ्गति

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



म कम्प्युटर चलाउँछु ।



हामी फुटबल खेल्छौं ।



तँ पाठ पढ्छस् ।



उनीहरू गीत गाउँछन् ।



बहिनी चित्र बनाउँछे ।



शिक्षक पाठ पढाउनुहुन्छ ।



भाइ खेल्न जान्छ ।



तिमी बजार जान्छौ ।

कर्ताको लिङ्ग, वचन र पुरुषअनुसार क्रियापद मिलाएर लेख्नुलाई **पदसङ्गति** भनिन्छ ।

## २. लिङ्गको पदसङ्गति

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| भाइ पढ्न जान्छ । | बहिनी पढ्न जान्छे । |
| छोरो खेल्न गयो । | छोरी खेल्न गई । |
| बुबा बजार जानुभयो । | आमा बजार जानुभयो । |
| छात्र चित्र बनाउँछ । | छात्रा चित्र बनाउँछे । |
| केटो घर आयो । | केटी घर आइ । |

कर्ता जुन लिङ्गमा छ क्रिया पनि सोही लिङ्गको प्रयोग गर्नु लिङ्गको पदसङ्गति हो ।

## ३. वचनको पदसङ्गति

| एकवचन | बहुवचन |
|---|---|
| ऊ खेत खन्छ । | उनीहरू खेत खन्छन् । |
| रूख ढल्यो । | रूखहरू ढले । |
| म विद्यालय जान्छु । | हामी विद्यालय जान्छौँ । |
| तिमी चित्र बनाऊ । | तिमीहरू चित्र बनाओ । |
| त्यो खेल्न जान्छ । | तिनीहरू खेल्न जान्छन् । |

कर्ता जुन वचनमा छ क्रिया पनि सोही वचनको प्रयोग गर्नु वचनको पदसङ्गति हो ।

## ४. पुरुष पदसङ्गति

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म घुम्न जान्छु । | तँ घुम्न जान्छस् । | ऊ घुम्न जान्छ । |
| हामी घुम्न जान्छौँ । | तिमी घुम्न जान्छौ । | उनीहरू घुम्न जान्छन् । |
| | तपाईं घुम्न जानुहुन्छ । | उहाँ घुम्न जानुहुन्छ । |

कर्ता जुन पुरुषको छ क्रिया पनि सोहीअनुसार प्रयोग गर्नु **पुरुष** पदसङ्गति हो ।



## अभ्यास

**१. तल दिइएका वाक्यहरूलाई शुद्ध गर्नुहोस् :**

(क) भाइ भात खान्छे ।
(ख) आमा घरमा छ ।
(ग) तिमी घुम्न जान्छ ।
(घ) उनीहरू बजार जान्छिन् ।
(ङ) सुजन ज्ञानी छे ।
(च) उहाँ गीत गाउँछ ।

**२. कर्ताको लिङ्गअनुसार क्रियापद मिलाउनुहोस् :**

(क) छोरी पाठ पढ्छ ।
(ख) आमा खाना पकाउछ ।
(ग) बहिनी ज्ञानी छ ।
(घ) सीता घुम्न जान्छ ।
(ङ) केटी खेल्न थाल्यो ।
(च) गायिका गीत गाउँछ ।

**३. कर्ताको वचनअनुसार क्रियापद मिलाउनुहोस् :**

(क) म पढ्छौ ।
(ख) घरहरू भत्कियो ।
(ग) उनीहरू घुम्न जान्छ ।
(घ) विद्यार्थीहरू पढ्न थाल्यो ।
(ङ) गाईहरू करायो ।
(च) छोरो पढ्छन् ।

**४. कर्ताको पुरुषअनुसार क्रियापद मिलाउनुहोस् :**

(क) म घर जान्छन् ।
(ख) हामी पाठ पढ्छ ।
(ग) उनी असल हुनुहुन्छ ।
(घ) त्यो खेल्न जान्छ ।
(ङ) तपाईं चित्र बनाउँछ ।

**५. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) पदसङ्गति भनेको के हो ?
(ख) लिङ्गको पदसङ्गति भनेको के हो ?
(ग) वचनको पदसङ्गति भनेको के हो ?
(घ) पुरुषको पदसङ्गति भनेको के हो ?

एकाइ १०

# आदरार्थी

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



तँ फुटबल खेल्छस् ।
सामान्य आदरार्थी



तिमी पाठ पढ्छौ ।
मध्यम आदरार्थी



तपाईं पाठ पढाउनुहुन्छ ।
उच्च आदरार्थी



हजुर कहिले आइबक्सिन्छ ।
अतिउच्च आदरार्थी

आदर अथवा सम्मान प्रकट गर्ने पद अथवा वाक्यलाई आदरार्थी भनिन्छ । आदरार्थी सर्वनाम र क्रियाबाट हुन्छ ।

## २. आदरार्थीका प्रकार

(क) सामान्य आदरार्थी
(ख) मध्यम आदरार्थी
(ग) उच्च आदरार्थी
(घ) अतिउच्च आदरार्थी

## (क) सामान्य आदरार्थी



तँ पाठ पढ्।



ऊ खेल्न गयो।



छोरोले भात खायो।



लखन खेत खन्छ।

आफूभन्दा साना अथवा कसैलाई हेय व्यवहार गर्दा सामान्य आदरार्थी प्रयोग गरिन्छ।

## (ख) मध्यम आदरार्थी



तिमी चित्र बनाऊ।



उनी घाँस काट्छिन्।



रमा पढ्न गइन्।



हरि बजार जान्छन्।

आफू समान अथवा आफूभन्दा सानालाई आदर, प्रेम र सद्भाव बुझाउँदा मध्यम आदरार्थीको प्रयोग गरिन्छ।

## (ग) उच्च आदरार्थी



तपाईं के खानुहुन्छ ?



बुबा बजार जानुभयो ।



उहाँ खाना खानुहुन्छ ।



दिदी पसलमा हुनुहुन्छ ।

## (घ) अतिउच्च आदरार्थी



हजुर कहिले आइबक्सिन्छ ।



दिज्यू आइबक्सेन ।




हजुर लेखिबक्सिन्छ ।



मुमाज्यू फर्किबक्सन्न ।

अति विशिष्ट व्यक्तिहरूका लागि अतिउच्च आदरार्थीको प्रयोग गरिन्छ ।



## अभ्यास

**१. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सामान्य आदरार्थी | तिमी, उनी |
| मध्यम आदरार्थी | तँ, ऊ |
| उच्च आदरार्थी | हजुर, दिज्यू |
| अतिउच्च आदरार्थी | तपाईं, उहाँ |

**२. तल दिइएका शब्दलाई तालिकामा भर्नुहोस् :**

तँ, उहाँ, हजुर, उनी, ऊ, तिमी, तपाईं, हजुर, जान्छिन्, भन्छ, लेख्नुहुन्छ, गरिबक्सियो, बनाऊ, लेखिबक्सिन्छ ।

| सामान्य आदरार्थी | मध्यम आदरार्थी | उच्च आदरार्थी | अतिउच्च आदरार्थी |
|---|---|---|---|
| ________ | ________ | ________ | ________ |
| ________ | ________ | ________ | ________ |
| ________ | ________ | ________ | ________ |
| ________ | ________ | ________ | ________ |
| ________ | ________ | ________ | ________ |

**३. तल दिइएका वाक्यलाई सामान्य आदरार्थीमा परिवर्तन गर्नुहोस् :**

(क) तिमी घर जाऊ ।

(ख) उनी खाना खान्छिन् ।

(ग) तपाईं बजार जानुहुन्छ ।

(घ) भाइ घर आए ।

(ङ) उहाँले पाठ पढाउनुभयो ।

## ४. तल दिइएका वाक्यलाई मध्यम आदरार्थीमा परिवर्तन गर्नुहोस् :

(क) तँ खेल्न जान्छन् ।

(ख) ऊ खेत खन्छ ।

(ग) तपाईँ पाठ पढाउनुहुन्छ ।

(घ) उहाँ खाना खानुहुन्छ ।

(ङ) बहिनी पैसा लिन्छे ।

## ५. तल दिइएका वाक्यलाई उच्च आदरार्थीमा परिवर्तन गर्नुहोस् :

(क) तँ पढ्न जान्छस् ।

(ख) तिमी पानी भर्नुहोस् ।

(ग) उनी चित्र बनाउँछिन् ।

(घ) उसले पूजा गऱ्यो ।

(ङ) ऊ गृहकार्य गर्छ ।

## ६. तल दिइएका प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) आदरार्थी भनेको के हो ?

(ख) कस्ता व्यक्तिलाई सामान्य आदरार्थीको प्रयोग गरिन्छ ।

(ग) कस्ता व्यक्तिलाई मध्यम आदरार्थीको प्रयोग गरिन्छ ।

(घ) कस्ता व्यक्तिलाई उच्च आदरार्थीको प्रयोग गरिन्छ ।

(ङ) कस्ता व्यक्तिलाई अतिउच्च आदरार्थीको प्रयोग गरिन्छ ।

एकाइ ११

# काल र पक्ष

## १. तल दिइएका चित्र पढेर बुझ्नुहोस् :

बितिसकेको | अहिलेको | पछिको



मैले फुटबल खेलेँ ।



म फुटबल खेल्छु ।



म फुटबल खेल्ने छु ।



ऊ फुटबल खेल्दै थियो ।



ऊ फुटबल खेल्दै छ ।



ऊ फुटबल खेल्दै हुने छ ।

काल भनेको समय हो । वाक्यमा कर्ताले गर्ने कामको समयलाई बुझाउन आउने क्रियाको विभिन्न अवस्थालाई काल भनिन्छ ।

## २. कालका प्रकार

### १. भूतकाल



विकास बजार गएछ ।



भाइ सानोमा रुन्थ्यो ।



मैले भात खाएको थिएँ।



हिजो पानी पऱ्यो।

बितेको समयलाई जनाउने क्रियाको रूपलाई **भूतकाल** भनिन्छ । यसले काम अथवा घटना बितेको समयमा भइसकेको, हुँदै थियो अथवा भएको थियो भन्ने अर्थ बुझाउँछ।


## भूतकालका पक्ष

भूतकालका पक्षलाई पाँच प्रकारमा वर्गीकरण गरिएको छ :

### (क) सामान्य भूतकाल



मैले भात खाएँ।



हामीले भात खायौँ।



उनीहरू नाचे ।



तिमी बेसरी हाँस्यौ।

बितेको समयमा कुनै काल भएको जनाउने क्रियाको पक्षलाई **सामान्य भूतकाल** भनिन्छ।

## (ख) अपूर्ण भूतकाल



म नाच्दै थिएँ।



त्यो घर आउँदै थियो।



रमा गीत गाउँदै थिई।



तपाईं पाठ पढ्दै हुनुहुन्थ्यो।

बितेको समयमा कुनै काम हुँदै थियो भन्ने जनाउने क्रियाको पक्षको रूपलाई अपूर्ण भूतकाल भनिन्छ।

## (ग) पूर्ण भूतकाल



ऊ सुतेको थियो ।



हरि बजार गएको थियो।



उनीहरूले गाएका थिए ।



गाईले घाँस खाएको थियो ।

बितेको समयमा कुनै काम पूरा भएको जनाउने क्रियाको पक्षलाई पूर्ण भूतकाल भनिन्छ ।

## (घ) अज्ञात भूतकाल



छाउरो भुसुक्कै निदाएछ ।



सफल खेल्न गएछ ।



तिमीले खुब नाचेछौ ।



सीताले गीत गाइछ ।

बितेको समयमा काम भइसकेको तर त्यसको जानकारी अहिले मात्र भएको बुझाउने भूतकालको पक्षलाई अज्ञात भूत भनिन्छ ।

## (ङ) अभ्यस्त भूतकाल



हरिले चित्र बनाउँथ्यो ।



भाइ पढ्दा रुन्थ्यो ।



म कथा लेख्थैँ ।



उनीहरू धेरै हाँस्थे ।

बितेको समयमा कुनै पनि काम बानीको रूपमा रहेको बुझाउने भूतकालको पक्षलाई **अभ्यस्त भूतकाल** भनिन्छ ।

## २. वर्तमान काल



गोपाल खेल्न जान्छ ।



म हिमाल चढ्छु ।



उनीहरूले पाठ पढेका छन् ।



रमा घर जाँदै छे ।

वर्तमान काल भनेको अहिलेको समय हो । यसले कुनै काम अथवा घटना अहिले हुन्छ, हुँदैन अथवा भएको छ भन्ने बुझाउँछ ।

## वर्तमान कालका पक्ष

वर्तमान कालका पक्षलाई तीन प्रकारमा वर्गीकरण गरिएको छ :

### (क) सामान्य वर्तमान काल


बहिनी रुन्छे ।


राम पुस्तक लिन्छ ।


उनीहरू घर आउँछन् ।


आमा बजार जानुहुन्छ ।

अहिलेको समयमा कुनै काम हुन्छ भनी बुझाउने क्रियाको पक्षलाई सामान्य वर्तमान काल भनिन्छ ।

### (ख) अपूर्ण वर्तमान काल


सुजन विद्यालय जाँदै छ ।


ऊ क्रिकेट खेल्दै छ ।



हामीहरू पढ्दै छौँ ।



तँ नाच्दै छस् ।

अहिलेको समयमा कुनै काम लगातार भएको तर पूरा नभएको जनाउने क्रियाको पक्षलाई **अपूर्ण वर्तमान काल** भनिन्छ ।

## (ख) पूर्ण वर्तमान काल




समाले कथा लेखेकी थिई ।



तपाईंले खन्नुभएको छ ।



भाइ  विद्यालय गएको छ ।



उनीहरूले गाएका छन् ।

अहिलेको समयमा काम पूरा भएको छ भन्ने जनाउने क्रियाको पक्षलाई **पूर्ण वर्तमान काल** भनिन्छ ।

## ३. भविष्यत् काल



दीपा विद्यालय जाने छे ।




मोटर गुड्दै हुने छ ।



मैले पढेको हुने छु।



उनीहरू गाउँदै हुने छन्।

पछि हुने कामको बारेमा जानकारी दिने काललाई भविष्यत् काल भनिन्छ।

## भविष्यत् कालका पक्ष

### (क) सामान्य भविष्यत् काल



सुशिला परीक्षा दिने छे।



तपाईं बजार जानु हुने छ।



हामी घर आउने छौं।



भोलि घाम लाग्ने छ।

पछाडि हुने कामको सामान्य अवस्था जनाउने क्रियाको पक्षलाई सामान्य भविष्यत् काल भनिन्छ।

## (ख) अपूर्ण भविष्यत्





मोटर गुड्दै हुने छ ।



राम क्रिकेट खेल्दै हुने छ ।



म फूल टिप्दै हुने छु ।



उनीहरू गाउँदै हुने छन् ।

पछि आउने समयमा कुनै काम भइरहेको हुनेछ भन्ने जनाउने क्रियाको पक्षलाई **अपूर्ण भविष्यत् काल** भनिन्छ ।

## (ग) पूर्ण भविष्यत् काल



श्याम गाडी हाँकेको हुने छ ।



आगो बलेको हुने छ ।



मैले खाएको हुने छु ।



उनीहरूले खनेका हुने छन् ।

पछि आउने समयमा काम पूरा भइसकेको अवस्था जनाउने क्रियाको रूपलाई **पूर्ण भविष्यत् काल** भनिन्छ ।

## अभ्यास

१. **तल दिइएका क्रियालाई तालिकामा भर्नुहोस् :**

भन्यो, सुत्यो, लेख्छ, खेल्ने छ, बस्यो, नाचे, गर्छ, पढ्छ, आउने छौ, थियो, हुने छ, आउँछन्, दिने छ, थियो, पुग्ने छ, सुत्छन्, भन्छ, आउने छिन्, पढ्यो, जाने छ, देखें, खान्छु, आउँछु, भन्छ, भन्छन्, लेख्ने छौ, जितें, रोयो, हिँड्छ ।

| वर्तमान काल | भूतकाल | भविष्यत् काल |
|---|---|---|
| | | |

२. **तल दिइएका क्रियालाई तालिकामा भर्नुहोस् :**

पढ्यौ, नाचे, जान्थ्यो, भनेका थिए, सुन्दै थिए, सुन्थे, खेलेछ, पाएछ, गाउँथ्यो, टिप्दै थिई, हेर्‍यौ, खेलें, गएछ, खाएको थिएँ, रुन्थ्यो, खेल्दै थिएँ ।

| सामान्य भूतकाल | अपूर्ण भूतकाल | पूर्ण भूतकाल | अभ्यस्त भूतकाल | अज्ञात भूतकाल |
|---|---|---|---|---|
| | | | | |

३. **तल दिइएका क्रियालाई तालिकामा भर्नुहोस् :**

बस्छ, नाच्दै छ, नाचेको छ, रुन्छे, रुन्छन्, खेलेका छन्, खेल्छन्, खान्छ, सुन्दै छ, पढाएको छ, पढाउँदै छ, पढ्छ, सुन्छ, सुनेको छ, खाएको छ, खेल्दै छ, खेल्छ, बसेको छ ।

| सामान्य वर्तमान काल | अपूर्ण वर्तमान काल | पूर्ण वर्तमान काल |
|---|---|---|
| | | |

## ४ तल दिइएका क्रियालाई तालिकामा भर्नुहोस् :

खेल्दै हुने छ, बस्दै हुने छन्, बस्ने छ, पढ्ने छ, पढ्दै हुने छ, जाने छु, भनेको हुने छु, सुन्ने छ, खाने छु, भनेको हुने छ ।

| सामान्य भविष्यत् काल | अपूर्ण भविष्यत् काल | पूर्ण भविष्यत् काल |
|---|---|---|
| | | |

## ५. उदाहरण हेरेर तलका क्रियालाई परिवर्तन गर्नुहोस् :

| धातु | सामान्य भूतकाल | अपूर्ण भूतकाल | पूर्ण भूतकाल | अभ्यस्त भूतकाल | अज्ञात भूतकाल |
|---|---|---|---|---|---|
| खा | खायो | खाँदै थियो | खाएको थियो | खान्थ्यो | खाएछ |
| सुन् | | | | | |
| पढ् | | | | | |
| लेख् | | | | | |
| हिँड् | | | | | |
| खेल् | | | | | |

## ६. उदाहरण हेरेर तलका क्रियालाई परिवर्तन गर्नुहोस् :

| धातु | सामान्य भूतकाल | अपूर्ण भूतकाल | पूर्ण भूतकाल | अभ्यस्त भूतकाल | अज्ञात भूतकाल |
|---|---|---|---|---|---|
| जा | | | | | |
| खेल् | | | | | |
| बस् | | | | | |
| खेल् | | | | | |
| भन् | | | | | |
| हिँड् | | | | | |

## ७. उदाहरण हेरेर तलका क्रियालाई परिवर्तन गर्नुहोस् :

| धातु | सामान्य भविष्यत् | अपूर्ण भविष्यत् | पूर्ण भविष्यत् |
|---|---|---|---|
| जा | जाने छ | जाँदै हुने छ | गएको हुने छ |
| नाच् | | | |
| खन् | | | |
| बस् | | | |
| घुम् | | | |
| सुत् | | | |

## ८. तलका क्रियापदहरूबाट एक-एक ओटा वाक्य बनाउनुहोस् :

पढ्यो : ____________________ ।

जाँदै थियो : ____________________ ।

गएको थियो : ____________________ ।

नाच्यो : ____________________ ।

गाउँदै थियो : ____________________ ।

खेलेको थियो : ____________________ ।

गायो : ____________________ ।

खाँदै थियो : ____________________ ।

लेख्यो : ____________________ ।

सुन्थ्यो : ____________________ ।

लेखेछ : ______________________________ ।

लेखाएछ : ______________________________ ।

## ९. तलका क्रियापदबाट एक-एक ओटा वाक्य बनाउनुहोस् :

भन्छ : ______________________________ ।

भन्दै छ : ______________________________ ।

भनेको छ : ______________________________ ।

गाउँछ : ______________________________ ।

नाच्ने छ : ______________________________ ।

जाँदै छ : ______________________________ ।

खान्छौ : ______________________________ ।

खन्दै छौ : ______________________________ ।

गाएका छौ : ______________________________ ।

## १०. तलका क्रियापदहरूबाट एक-एक ओटा वाक्य बनाउनुहोस् :

खन्ने छ : ______________________________ ।

खाँदै हुने छ : ______________________________ ।

भनेको छ : ______________________________ ।

बन्ने छ : ______________________________ ।

बन्दै हुने छ : ______________________________ ।

रोपेको हुने छ : ______________________________ ।

हाँस्ने छ : ______________________________ ।

हाँस्दै हुने छ : ______________________________ ।

हाँसेको हुने छ : ______________________________ ।

एकाइ १२

# वाक्य

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



ऊ विद्यालयबाट आयो ।



राम पढेर खेल्न जान्छ ।



जो आयो त्यो ज्ञानी छ ।



जसले पढ्यो त्यसले पुरस्कार पायो ।



बादल लाग्यो अनि पानी पर्‍यो ।



भाइ घर आयो र खाजा खायो ।

अर्थ स्पष्ट हुने गरी प्रयोग गरिएका शब्दहरूको समूहलाई वाक्य भनिन्छ । शब्द-शब्द मिलेर वाक्यको निर्माण हुन्छ ।

## २. वाक्यका प्रकार

वाक्य

सरल वाक्य | संयुक्त वाक्य | मिश्र वाक्य

### (क) सरल वाक्य

हरि खेल्छ ।

भाइ आएर गयो ।

मैले गीत गाएँ ।

एउटा कर्ता र एउटा समापिका क्रियाबाट बनेको वाक्यलाई सरल वाक्य भनिन्छ ।

### (ख) संयुक्त वाक्य

सीता आई अनि म गएँ ।

तिमी चिया अथवा दुध के पिउँछौ ?

म गएँ र ऊ आयो ।

म घरमा छु किनभने आज विदा छ ।

दुई अथवा दुईभन्दा बढी स्वतन्त्र वाक्यलाई र, वा, अनि, तर, किनभने जस्ता संयोजकले जोडेर बनाइएका वाक्यलाई संयुक्त वाक्य भनिन्छ ।

### ग) मिश्र वाक्य

तिमी गाउँछौ भने म नाच्छु ।

जो परिश्रमी छ त्यो सफल हुन्छ ।

जहाँ काफल पाक्छ त्यहाँ चरी नाच्छ ।

जब बादल लाग्यो तब पानी पऱ्यो ।

एउटा मुख्य उपवाक्य र अर्को अधीन उपवाक्यहरूलाई जो, जे, जहाँ, जब, तब, भनेजस्ता संयोजकले जोडेर बनाइएका वाक्यलाई मिश्र वाक्य भनिन्छ ।



## अभ्यास

### १. तल दिइएका अनुच्छेद पढ्नुहोस् :

मेरो नाम सरोज हो । म कक्षा चारमा पढ्छु । मेरो बुबाको नाम मानसिंह तामाङ हो । मेरो एउटा भाइ पनि छ । जब म उठ्छु तब भाइ पनि उठ्छ । मेरो भाइ कक्षा एकमा पढ्छ । भाइ मसँगै विद्यालय पढ्न जान्छ । जहिले म विद्यालय जान्न त्यहिले भाइ पनि जाँदैन । भाइ मसँग मात्र विद्यालय जान्छ किनभने भाइ सानै छ । हिजो मलाई पेट दुख्यो अनि म विद्यालय गइन । हिजो मैले औषधी खाएँ र आराम गरेँ । भाइ भने पढेर घरमै बस्यो ।

**माथिको अनुच्छेदमा भएका वाक्यलाई तालिकामा भर्नुहोस् :**

| सरल वाक्य | संयुक्त वाक्य | मिश्र वाक्य |
|---|---|---|
| | | |

### २. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सरल वाक्य | जहाँ चौतारो छ त्यहाँ रूख छ । |
| संयुक्त वाक्य | म खाना खाएर सुतेँ । |
| मिश्र वाक्य | राम आयो तर श्याम आएन । |

### ३. तलका वाक्यलाई जोडेर मिश्र वाक्य बनाउनुहोस् :

(क) घाम लाग्यो । पानी पर्‍यो ।

(ख) म गएँ । ऊ आयो ।

(ग) म घरमा छु । आज बिदा छ ।

(घ) तिमी बस । म जाउँला ।

(ङ) राम गीत गाउँछ । राम नाच्छ ।

## ४. तलका वाक्यलाई जोडेर मिश्र वाक्य बनाउनुहोस् :

(क) घाम लाग्यो न्यानो भयो ।

______________________________________________।

(ख) तिमी बोलाउँछौ । म आउँछु ।

______________________________________________।

(ग) तिमी खान्छौ । म दिन्छु ।

______________________________________________।

(घ) पानी पऱ्यो । छाता ओढेँ ।

______________________________________________।

(ङ) राम मिहिनेती छ । राम प्रथम हुन्छ ।

______________________________________________।

## ५. तलका वाक्यहरूलाई सरल वाक्य बनाउनुहोस् :

(क) राम मुर्ख छ । राम घमण्डी छ ।

______________________________________________।

(ख) मलाई टाउको दुख्यो । म विद्यालय गइन ।

______________________________________________।

(ग) जो आई त्यो ज्ञानी छे ।

______________________________________________।

(घ) राम फुटबल किन्छ अनि खेल्छ ।

______________________________________________।

## ६. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) वाक्य भनेको के हो ?

(ख) सरल वाक्य भनेको के हो ?


(ग) संयुक्त वाक्य भनेको के हो ?

(घ) मिश्र वाक्य भनेको के हो ?

एकाइ १३

# विभक्ति

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



रामले कथा पढ्यो ।




सीताले भाइलाई कलम दिई ।



दावाले चम्चाले भात खायो ।



टेबलमाथि पुस्तक छ ।



रूखबाट स्याउ झऱ्यो ।




हरिकी बहिनी नाच्दै छे ।

वाक्यमा नाम अथवा सर्वनाम शब्दसँग जोडिएर आउने ले, लाई, बाट, मा, माथि जस्ता भाषाको रूपलाई विभक्ति भनिन्छ ।

## २. विभक्तिका प्रकार

विभक्ति सात प्रकारका छन् :

| विभक्तिका प्रकार | विभक्ति चिह्न | वाक्यमा प्रयोग |
|---|---|---|
| प्रथमा | ले | रामले गीत गायो । |
| द्वितीया | लाई | रामले भाइलाई पिट्यो । |
| तृतीया | ले, द्वारा | उसले मलाई कलम दियो । |
| चतुर्थी | लाई, लागि | गीताले जोगीलाई भिक्षा दिइन् । |
| पञ्चमी | देखि, बाट | रूखबाट पात झऱ्यो । |
| | को, का, की | उसकी छोरी खेल्न गई । |
| षष्ठी | रो, रा, री | रामको घर भत्कियो । |
| | नो, ना, नी | उसका कलमहरू हराए । |
| सप्तमी | मा, माथि | टेबलमा ऐना छ । |



## अभ्यास

### १. तल दिइएको अनुच्छेद पढेर विभक्ति चिह्नमा गोलो ◯ घेरा लगाउनुहोस् :

दाजुले मलाई विद्यालय पुऱ्याइ दिनुभयो । गुरुलाई देखेर दाजुले नमस्कार गर्नुभयो । हामी बसबाट विद्यालय गएका थियौँ । बसको छतमाथि सामानहरू राखिएको थियो । आज सुमनले कलम ल्याउन बिर्सेछ । मैले उसलाई कलम दिएँ । मेरी बहिनी भने आज विद्यालय आइन । गुरुले मलाई चित्र बनाउन लगाउनुभयो । मैले सिसाकलमले चित्र बनाएँ । मदेखि गुरु खुसी हुनुभयो । टेबलमाथि राखिएको पुरस्कार दिनुभयो ।

### २. तलका मध्ये विभक्ति चिह्न चिनेर सार्नुहोस् :

म, तर, मा, बाट, आफू, मात्र, रूख, माथि, नि, हो, छैन, नो, लागि, तिमी, निम्ति,

त्यो, भने, लाई, रो, रा, पो, रे, द्वारा, भात, ले, पानी

## ३. खाली ठाउँमा उपयुक्त विभक्ति चिह्न भर्नुहोस् :

(क) म बस ______________ घर आए । (ले, बाट, मा)

(ख) राम चक्कु ______________ स्याउ काट्छ । (माथि, ले, लाई)

(ग) उस ______________ कलमहरू हराए । (नी, का, री)

(घ) सफल कलम ______________ चित्र बनाउँछ । (बाट, ले, देखि)

(ङ) पुस्तक झोला ______________ छ । (मा, बाट, लाई)

(च) राम ______________ भाइ सानो छ । (नी, को, देखि)

(छ) बुबा ______________ मलाई फुटबल दिनुभयो । (लाई, ले, देखि)

(ज) मैले बहिनी ______________ गृहकार्य गराए । (माथि, लाई, नो)

## ४. तलका विभक्तिलाई वाक्यमा प्रयोग गर्नुहोस् :

ले : ______________________________ ।

लाई : ______________________________ ।

देखि : ______________________________ ।

बाट : ______________________________ ।

को : ______________________________ ।

नो : ______________________________ ।

रो : ______________________________ ।

मा : ______________________________ ।

माथि : ______________________________ ।

एकाइ १४

# वर्णविन्यास

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :

आकार ( ा ) : तामा, जामा, मामा, चाचा, लामा, बाला, रारा

इकार ( ि ) : इनार, पिङ, टिन, गिलास, किसान, नाति, किरण

ईकार ( ी ) : ईश्वर, परीक्षा, प्राचीन, शरीर, तृतीय, केन्द्रीय, नवीन

उकार ( ु ) : कछुवा, अदुवा, माकुरो, खुकुरी, गजुर, गरुड, ढुकुर

ऊकार ( ू ) : सपूत, गरूँ, समूह, त्रिशूली, फूल, ऊन, पूर्ण, पूजनीय

ऋकार ( ृ ) : ऋण, कृपा, सृजना, गृह, सृष्टि, ऋण, वृष्टि, वृक्ष

एकार ( े ) : रमेश, देवर, बेच, पेसा, एक, एकलव्य, सेते

ऐकार ( ै ) : सबै, मैया, शैली, मैना, छैन, भैँसी

ओकार ( ो ) : सानो, आफ्नो, सेतो, सिक्यो, ओदान, बाङ्गो, बलियो

औकार ( ौ ) : कौसी, लौका, चौका, औँसी, औषधी,

**व्यञ्जन वर्णसाग जोडिने स्वर वर्णका विभिन्न रूपलाई मात्रा भनिन्छ । मात्रा ह्रस्व र दीर्घ गरी २ प्रकारका छन् :**

ह्रस्व मात्रा : इ, उ, ि, ु

दीर्घ मात्रा : ई, ी, ऊ, ू

## ह्रस्व हुने शब्दहरू

| पदवर्ग | शब्दको सुरुमा | शब्दको बिचमा | शब्दको अन्त्यमा |
|---|---|---|---|
| नाम | इनार, भिनाजु, चित्र, पिता, किरा, शिशिर, दिदी, सिरक, शिर, विद्या, चिउरा, हिँसा, सिसा, मुजुर, पुल, चुरा, उखु, बुबा । | सुधिर, पारिजात, हाजिर, मानिस, गरिबी, तरिका, कालिका, नायिका, प्रविण, वकिल, साहित्य, प्रतिज्ञा, सरिता, रमिला, कमिला, लेखिका, लसुन, चिउरा, अदुवा, माहुरी । | पनाति, नाति, गति, कृति, प्रीति, पनि, स्याउ, आलु, दाजु, बाबु, गुरु, साहु, बराजु । |
| सर्वनाम | तिमी, यिनी, तिनी, यिनले, तिनले, यिनलाई, तिनलाई, तिमीलाई, उनी, उसको, उहाँ, उनको । | हजुर | हामी, उनी, तिनी । |
| विशेषण | त्रिसठ्ठी, सिकारु, विशाल, नुनिलो, सत्तरी । | उन्नाइस, एकतिस, तेत्तिस, हरियो, अमिलो, गुलियो, पोसिलो, रसिलो, हँसिलो, तेइस, कलिलो । | उति, यति, त्यति, जति, कति । |
| अव्यय | हिजो, तिर, भित्र, निर, जुन, सित, किन, किनकि, किनभने, निम्ति, उता, उहिले । | अघिल्तिर, बाहिर, तलतिर, नजिक, परतिर, मास्तिर, वारिपारि, पछिल्तिर । | पारि, वारि, माथि, मुनि, पनि, पछाडि, अगाडि, लागि, निम्ति, चाहिँ । |
| क्रिया | हिँड्छ, सिक्यो, किन्छ, तिर्छ, बिक्छ, बिर्सन्छ, पिर्छ, पिउँछ । | खाइन्छ, लेखिन्छ, बसिन्छ, पढियो, पढिन्, भन्छिन्, जान्छिन्, लेखिन्छन् । | |

## दीर्घ हुने शब्दहरू

| पदवर्ग | शब्दको सुरुमा | शब्दको बिचमा | शब्दको अन्त्यमा |
| --- | --- | --- | --- |
| नाम | गीत, गीष्म, तीर्थ, सीता, पूजा, ऊर्जा, सूर्य, भूमि | प्रतीक, प्रतीक्षा, समीक्षा, परीक्षा, शरीर, मयूर, आयूष। | गाई, छोरी, चेली, पराजुली, कर्णाली, वाग्मती, छेत्री, बहिनी, दिदी, पार्वती, जानकी, माइजू, फुपू। |
| विशेषण | शीतल, दीर्घ, पीडित, पीडा, स्थूल, सूक्ष्म। | द्वितीय, तृतीय, प्राचीन, नवीन, केन्द्रीय, अपूर्ण। | काली, सानी, मोटी, दुब्ली, असी, ज्ञानी, गुणी, दानी, पातली, एकासी, लाटी, रसिली, हँसिली। |
| सर्वनाम | | | तिमी, उनी, तिनी, तपाईं, ती, यी, हामी, ऊ, आफू। |
| अव्यय | | | यसरी, उसरी, त्यसरी, फटाफटी, कसरी, राम्ररी, खुल्दुली |
| क्रिया | | | पढी, लेखी, खेली, गाई, हाँसी, नाची, पाई, गई, डुली, जाऊ, खाऊ। |

## ब र व वर्ण

| ब वर्ण | व वर्ण |
| --- | --- |
| बच्चा, बगाल, बकुल्लो, बिस्तारै, बेर, ब्यारे, बाँच, बेच, बतास, बिरालो, बोको, तलब, बखान, बथान, बदमास, बहिनी, बयर, बाठो, बुढो, बजार, बिलौना, बन्दुक, बैंस, बहिरो, बिझायो, तब, बरू, बिजुली, बलियो, जब, बौलाहा, जब, बेर, बाँदर, बिटुलो, बग्छ, बस्छु, बेल, बारुद, बालुवा आदि। | कुवा, वारिपारि, गँवार, तावा, देवर, वकालत, आवाज, फेवा, वरु, वारि, संवाद, ईश्वर, कर्तव्य, विदेश, विकल्प, विद्या, वैदिक, अवतार, खेतीवाल, मानव, नेतृत्व, पाण्डव, विकट, विद्या, विकल्प, वैदिक, विदेश, वार्ता, वार्षिक, वजन, वृक्ष, पुवा, वास्तव आदि। |

## ए र य वर्ण

| ए | य |
|---|---|
| एघार, खाए, खाएको, पाएको, गए, खाएस्, पाएर, रुवाएर, छोएर, एकतिस, ऐना, एकानब्बे, एक्काइस, ऐस । | यही, यो, यहाँ, यति, त्यति, यिनी, यज्ञ, योगी, युगल, यात्रा, दोयम, यन्त्र, यसरी, योमरी, म्याद, ज्यामी । |

## श / ष र स वर्ण

| श वर्ण | ष वर्ण | स वर्ण |
|---|---|---|
| शिशु, शुभ, शरीर, श्रेष्ठ, आशा, शिक्षा, शीर्षक, शासन, शिष्य, शेष, आकाश, निश्चल, निश्चय, विश्लेषण, श्लेष, क्रमशः, अक्षरश, शक्ति, शुभ, शिखर, पश्चिम आदि । | भेष, दृष्टि, अष्ट, कष्ट, विष्णु, आषाढ, कृषि, भूषण, ऋषि, निमेष, औषधी, उत्कर्ष, सङ्घर्ष, प्रेषक, भाषा, भाषण, वृष, गोष्ठी, बहिष्कार, निमेष आदि । | सक्छ, सानो, सेतो, सबै, सात, सत्तरी, पर्सि, सित, सँग, एक्कासि, सुत्, सुन्, सोर, सिक्यो, सुन्छु, कोसिस, पसल, संयोग, सुशील, आस्था, उस, त्यस, सफल, सत्कार्य, साउन, असोज, विकास, संसद्, कुसुम, उत्सुक, नास्तिक आँसु आदि । |

## क्ष/छे र छ्य वर्ण

| क्ष | छे | छ्य |
|---|---|---|
| क्षमा, अक्षर, क्षत्री, क्षति, मोक्ष, क्षण, लक्ष्य, क्षेत्र, प्रक्षेपण, उपलक्ष्य, वक्षस्थल, अक्षता । | छेद, छेक्नु, छेड्नु, छेकानुप्रास, छेवर, छेपारो, छेड, छेडो, छेरा आदि । | छ्याप्यो, छ्यालब्याल, छ्याके, छ्यार्र, छ्यासमिस, छ्याप आदि । |

## शिरबिन्दु ( ं ) र चन्द्रबिन्दु ( ँ )

| शिरबिन्दु ( ं ) | चन्द्रबिन्दु ( ँ ) |
|---|---|
| संयोग, संसार, संसद्, संरचना, संरक्षण, संयम, संयुक्त, संवत्, वंश, हंश, संहार, संस्कृति, संसद्, कंश आदि । | आँप, उँभो, छाउँछ, पठाउँछ, ल्याउँछ, सँग, अँध्यारो, गाउँछ, खाएँ, गाउँले, ठाउँ, पाऊँ, हिँड्छ, पिठ्युँ, आएँ, काठमाडौँ, काँठ, हुँदा, गरिँदै, नवौँ आदि । |

## पदयोग र पदवियोग

पदयोग : पदयोग शब्दहरूलाई भनेको एउटै डिकोमा जोडेर लेख्नु हो ।

### पदयोग हुने केही नियमहरू

१. विभक्ति चिह्न पदयोग हुन्छ ।

हरिले, रामलाई, उनको, कलमद्वारा, बसबाट, घरमा ।

२. नामयोगी शब्द जोडेर लेख्नुपर्छ ।

घरअगाडि, हरिसँग, विद्यालयभित्र, अगाडिपट्टि, भनेअनुसार, जीवनपर्यन्त, रूखतिर, मबाहेक, घरभन्दा ।

३. अकरण बनाउँदा प्रयोग गरिने 'न' जोडेर लेख्नुपर्छ ।

नभन, नहोला, नजाला, नसोध, नखाऊ, नबस, नउठ, नलेख ।

४. नाम र थरका बिचको नाम जोडेर लेखिन्छ ।

रामप्रसाद, हरिबहादुर, श्यामकुमार, राधादेवी, सुरेशराज ।

५. केही क्रियापदहरू पदयोग हुन्छ ।

हेर्नुपरेको छ, आउनुहोस्, गइहाल, जानुपर्छ, हिँड्नुपरेको छ, जानुहोस्, खानुहोस् ।

६. 'हरू' लाग्ने शब्दहरू जोड्नुपर्छ ।

उनीहरू, तिमीहरू, केटाहरू, साथीहरू, रूखहरू ।

पदवियोग : शब्दहरूलाई अलग अलग डिकोमा लेख्नुलाई पदवियोग भनिन्छ ।

## पदवियोगसम्बन्धी नियमहरू :

१. विभक्तिपछाडि आउने नामयोगी पदवियोग हुन्छ ।

मेरो अगाडि, उनका अनुसार, त्योभन्दा बाहेक, उनले झैँ, घरको पछाडि ।

२. संयोजकलाई पदवियोग गर्नुपर्छ ।

हरि र गोपाल गए । तिमी पढ्छौ कि खेल्छौ ?

३. निपातलाई पदवियोग गर्नुपर्छ ।

उसले त खाजा खाएन ।

४. पूर्ण र अपूर्ण पक्षको क्रियापद पदवियोग हुन्छ ।

खाएको थियो, जाँदै छ, भन्दै छ, सुनेका थिए, खेल्दै छन् ।

५. एउटै शब्द दोहोरिएर आएमा पदवियोग गर्नुपर्छ ।

जुन जुन, जे जे, सडक सडक, घर घर ।

६. विशेषण र नाम शब्दमा पदवियोग गर्नुपर्छ ।


राम्रो व्यवहार, रातो फूल, शुभ दिन, नम्र बोली, मिहिनेती विद्यार्थी ।

७. विकल्प जनाउने शब्द पदवियोग गर्नुपर्छ ।

न घाम न पानी, हरि अथवा गोपाल, सीता कि रमा ।

८. संयुक्त क्रिया पदवियोग गर्नुपर्छ ।

खानु छ, लेख्ने छ, बोल्न सक्छ, खायो होला, भने हुन्छ ।



## अभ्यास

### १. तल दिइएका अशुद्ध शब्दलाई शुद्ध गरी लेख्नुहोस् :

राजकुमार, तीमि, रिषि, जुन, उनि, छीमेकी, दीदि, हामि, पनाती, यती, बाहीर, मेची, पातलि, कसरि, पढि, प्राचिन, प्रतिक, घरेलू, चीउरा, गुलीयो, चूरा, फटाफटि, कालि, उसरि, पनाती, बूवा, नजीक, बहीनि, मेचि, पढीन्छ, सीकारु, अगाडी, मुनी, अघी ।

२. तल दिइएका शब्दहरूमध्ये शुद्ध शब्द सार्नुहोस् :

विध्यालय, बीद्यालय, विद्यालय, बिद्यालय

कच्छ्या, कच्छा, कच्छिया, कक्षा

बहिनी, बहीनि, बहिनि, बहीनी

सिसिर, शिशिर, शिषिर, शीशीर

सजाय, सज्जाय, सजाएँ, सजाँय

गरिब, गरीव, गरिव, गरीब

बीद्वान, विद्वान, विध्वान, विद्वान

सम्पूर्ण, सर्म्पून, सम्पुर्ण, सम्पूर्न

३. सुरुमा ह्रस्व अक्षर हुने छ ओटा शब्द लेख्नुहोस् :

_______ _______ _______

_______ _______ _______

४. अन्त्यमा ह्रस्व अक्षर हुने छ ओटा शब्द लेख्नुहोस् :

_______ _______ _______

_______ _______ _______

५. सुरुमा दीर्घ अक्षर हुने छ ओटा शब्द लेख्नुहोस् :

_______ _______ _______

_______ _______ _______

६. अन्त्यमा दीर्घ अक्षर हुने छ ओटा शब्द लेख्नुहोस् :

_______ _______ _______

_______ _______ _______

७. 'ब' र 'व' प्रयोग भएका छ/छ ओटा शब्द लेख्नुहोस् :

_______ _______ _______ _______

_______ _______ _______ _______

_______ _______ _______ _______

८. चन्द्रबिन्दु र शिरबिन्दु लागेका छ/छ ओटा शब्द लेख्नुहोस् :

______ ______ ______ ______

______ ______ ______ ______

______ ______ ______ ______

९. तल दिइएका वाक्यहरूलाई शुद्ध बनाएर लेख्नुहोस् :

(क) हेर बाबू ! यि चराचुरुङ्गि र जनाबरहरू पनी हामि जस्तै हुन् ।

______ ।

(ख) अर्काले घोडा चढ्यो भनेर आफूले धूरी चढ्न हुन्छ ?

______ ।

(ग) हामि मानीसहरू चेतनशिल र बुद्धीमान भनेर चीनीन्छौँ ।

______ ।

(घ) अहीले मेरो कीनार स्वच्छ, सफा र हरीयो छइन ।

______ ।

(ङ) सानैदेखी बचत गर्ने बानि बसाल्नूपर्छ ।

______ ।

१०. तलका चन्द्रबिन्दु र शिरबिन्दु लागेका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

संवाद : ______ ।

आँप : ______ ।

साँझ : ______ ।

रूपैयाँ : ______ ।

गाउँ : ______ ।

संस्कार : ______ ।

संहार : ______ ।

संसार : ______ ।

एकाइ १५

# लेख्य चिह्न

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :

**पूर्णविराम चिह्न ( । )**



म फुटबल खेल्छु ।

**प्रश्नवाचक चिह्न ( ? )**




सीता कुन पाठ पढ्दै छिन् ?

**अल्पविराम चिह्न ( , )**



राम, हरि र गोपाल
विद्यालय जाँदै छन् ।

**उद्गार चिह्न ( ! )**



अहो ! कति लामो सर्प ?

**उद्धरण चिह्न (" ......... ")**



गुरुले भन्नुभयो, "आफ्नो पाठ पढ ।"

लेख्दा प्रयोग गरिने चिह्नलाई **लेख्य चिह्न** भनिन्छ।

## २. तलका वाक्य पढेर बुझ्नुहोस् :


(क) वाक्य पूरा भएपछि पूर्णविराम चिह्नको ( । ) प्रयोग गर्नुपर्छ।

(ख) प्रश्नवाचक वाक्यको अन्त्यमा प्रश्न चिह्नको ( ? ) प्रयोग गरिन्छ।

(ग) छोटो अडान लिनुपर्दा अल्पविराम चिह्नको ( , ) प्रयोग गरिन्छ।

(घ) हर्ष, विस्मात, सुख, दुःख जस्ता मनका भाव व्यक्त गर्दा उद्गार चिह्न ( ! ) को प्रयोग गरिन्छ।

(ङ) अरूले बोलेको कुरा जस्ताको तस्तै भन्नुपर्दा उद्धरण चिह्न "……") का प्रयोग गरिन्छ।



## अभ्यास

## १. तलको अनुच्छेद पढेर लेख्य चिह्नमा गोलो ◯ घेरा लगाउनुहोस् :

एकदिन बेलुकीपख बूढाले दुवै दाजुभाइलाई डाके। उनीहरू पनि के कारणले डाकिएको होला भन्दै बूढाको नजिक पुगे। उनीहरूले भने "हेर बाबु हो, तिमीहरूदेखि म ज्यादै खुसी छु। तिमीहरूको मिहिनेतले खेतबारीमा अन्न दोब्बर भएको छ। मैले तिमीहरूको नाममा बैङ्कमा खाता खोलिदिएको छु। तिमीहरू दुवैको नाममा बचत खाता छ। बैङ्कमा जम्मा गरेको भौचर र चेकबुक पनि यहीं छ। पढ त बैङ्कको भौचरमा के रहेछ ?" ओहो ! भनेर गोपालले बैङ्क भौचर लियो र पढ्यो।

## २. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| पूर्णविराम | " " |
| अल्पविराम | । |
| प्रश्नवाचक | ! |
| उद्गार चिह्न | ? |
| उद्धरण चिह्न | , |

## ३. तल दिइएको अनुच्छेदमा आवश्यक लेख्य चिह्न राख्नुहोस् :

तेरो विचारमा पनि एक प्रकारले ठिकै हो बुबाहरूले जोडेको सम्पत्ति हामीले पानी झैँ बगाइदिनुपर्छ नत्र कसरी सिद्धिने हो तर त्यो सम्पत्ति उहाँहरूले कति दुःख गरेर जोड्नुभएको होला तैँले कहिल्यै सोचेकी सम्म छस् एकदिन बुबाआमाबाट खर्च नलिई हिँड त तेरो ताइँ देखिहाल्छ नि अर्काले जोडेको सम्पत्ति उडाउन त मज्जा हुन्छ तर आफैँ जोड्ने कोसिस गर त कति गाह्रो हुन्छ फेरि महिलाहरूको सम्पत्ति भनेको नै के हुन्छ पुस्तौँपुस्तादेखि पुरुषको पराधीनतामा बाँचेका हामी महिला, हाम्रो अवस्था कति नाजुक छ तिमीहरू जे लेखपढ गर्छौं हाम्रो खास सम्पत्ति त त्यही हो त्यसैबाट हामीले हाम्रो गुजारा गर्न सक्नुपर्छ आफ्ना खुट्टामा उभिन सिक्नुपर्छ

## ४. तलका वाक्यमा मिल्दो चिह्न प्रयोग गर्नुहोस् :

(क) भो अब छोड यी कुरा म अलकाको कुरामा सहमत भएँ

(ख) आस्था तिमीले आज समाचार सुन्यौ

(ग) बुबाले भन्नुभयो तिमी घरमै बस

(घ) यस्तो फोहर ठाउँमा नबस

(ङ) मानिस सबभन्दा बुद्धिमान् प्राणी हो

(च) रमामा अवधी हिन्दी उर्दू अङ्ग्रेजी नेपाली भाषाको राम्रो ज्ञान थियो

एकाइ १६

# शब्दभण्डार

## (क) पर्यायवाची शब्द


१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



आमा/जननी/मुमा/माता




मानव/मानिस/मनुष्य




खुट्टा/गोडा/चरण/पाउ




पिता/जनक/बुबा/बा




किताब/पुस्तक/ग्रन्थ



आँखा/नयन/नेत्र/लोचन



सूर्य/रवि/घाम/भानु



ताल/पोखरी/दह

उस्तै उस्तै अर्थ दिने शब्दलाई पर्यायवाची शब्द भनिन्छ ।

२. तलका पर्यायवाची शब्दहरू पढेर बुझ्नुहोस् :

| | |
|---|---|
| नयाँ | - नवीन, नव, नूतन, नौलो |
| नारी | - महिला, स्त्री, आइमाई |
| पहाड | - पर्वत, गिरी, शैल |
| पिता | - जनक, बुबा, बा |
| तलाउ | - पोखरी, दह, ताल |
| चतुर | - चलाख, बाठो, चङ्ख |
| सूर्य | - रवि, दिवाकर, भानु |
| फूल | - पुष्प, सुमन, कुसुम |
| चरण | - गोडा, पाउ, खुट्टा |
| छाँगो | - छहरा, झर्ना |
| जमिन | - पृथ्वी, जग्गा, भुइँ |
| दुःख | - पीर, पीडा, वेदना, कष्ट |
| शुद्ध | - पवित्र, चोखो, निर्मल, स्वच्छ |
| संसार | - जगत, विश्व |

| | |
|---|---|
| साथी | - मित्र, सङ्गी, दौतरी |
| बादल | - मेघ, घटा, वायु |
| गरिब | - निर्धन, दीन, निर्धो |
| केश | - रौँ, कपाल |
| माया | - प्रेम, स्नेह, प्यार |
| आँखा | - नयन, नेत्र, लोचन |
| आकाश | - गगन, सागर, नभ |
| अबेर | - ढिलो, अबेला, विलम्ब |
| आगो | - अग्नि, अनल |
| इच्छा | - कामना, चाहना, अभिलाषा |
| ईश्वर | - देवता, देव, भगवान्, सुर |
| उपहार | - कोसेली, भेटी, सौगात |
| गुरु | - शिक्षक, अध्यापक |
| खुसी | - हर्ष, प्रसन्न |

## (ख) विपरीतार्थक शब्द

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :




असल



खराब


होचो


अग्लो


गाउँ


सहर


सुत्नु


उठ्नु


दुब्लो


मोटो

उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थक शब्द भनिन्छ।

## तलका विपरीतार्थक शब्दहरू पढेर बुझ्नुहोस् :

| | | | |
|---|---|---|---|
| अगाडि | - पछाडि | असल | - खराब |
| अग्लो | - होचो | अल्छी | - जाँगरिलो |
| अमृत | - विष | सजिलो | - अप्ठ्यारो |
| आकाश | - पाताल | आउनु | - जानु |
| आरम्भ | - अन्त | आगो | - पानी |
| कालो | - गोरो | आमा | - बुबा |
| गाउँ | - सहर | घाम | - पानी |
| जन्म | - मृत्यु | उत्तर | - दक्षिण |
| गुण | - दोष | किन्नु | - बेच्नु |
| टाढा | - नजिक | जीत | - हार |
| जीवन | - मरण | उज्यालो | - अँध्यारो |
| हेला | - माया | दिन | - रात |
| आफू | - अरू | मान | - अपमान |
| खुला | - बन्द | सञ्चो | - बिसञ्चो |
| सपना | - विपना | साक्षर | - निरक्षर |
| हाँस्नु | - रुनु | सुरु | - अन्त्य |
| शिर | - पाउ | मोटो | - दुब्लो |
| धेरै | - थोरै | भित्र | - बाहिर |
| संयोग | - वियोग | सुख | - दुःख |
| स्वर्ग | - नर्क | हिउँद | - वर्षा |
| सम्पन्न | - विपन्न | सुकिलो | - मैलो |

## (ग) श्रुतिसमभिन्नार्थक शब्द

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :




मोती-मोटी





विष-बिस






हाट-हात





नारी-नाडी





सिता-सीता



सुन्दा उस्तै सुनिने तर अर्थ फरक बुझाउने शब्दलाई **श्रुतिसमभिन्नार्थक शब्द** भनिन्छ।

## २. तलका श्रुतिसमभिन्नार्थक शब्दहरू पढेर बुझ्नुहोस् :

| | |
|---|---|
| आदि – फरक<br>आधि – आधा | कोट – लुगा<br>कोत – हातहतियार राख्ने ठाउँ |
| कोश – सङ्ग्रह<br>कोस – दुई माइलको दुरी | कृति – रचना<br>कीर्ति – ख्याति |
| अन्न – अनाज<br>अन्य – अरू | अनु – पछि<br>अणु – सानो एकाइ |
| आदि – सुरु<br>आँधि – हुरी | कुट – कुट्ने काम<br>कुत – मोहीले बुझाउने अन्न |
| खालि – केवल<br>खाली – रित्तो | गर्व – घमण्ड<br>गर्भ – पेटभित्र बच्चा रहने ठाउँ |
| डर – भय, त्रास<br>दर – मूल्य | तीर – वाण<br>तिर – तर्फ |
| तातो – न्यानो<br>टाटो – दाग | दाम – पैसा<br>डाम – डाम्ने काम |

| | |
|---|---|
| चिर – लामो<br>चीर – कपडा | दिन – समय<br>दीन – दुःखी |
| धोका – बेइमानी<br>ढोका – घरभित्र पस्ने भाग | पाश – पासो<br>पास – नजिक |
| दाम – पैसा<br>डाम – डाम्ने काम | जुन – सर्वनाम<br>जून – चन्द्रमा |
| पूरा – सबै<br>पुरा – जुठो खाना | फुल – अण्डा<br>फूल – पुष्प |
| बाग – बगैँचा<br>बाघ – जङ्गली हिँस्रक जन्तु | महिना – मास<br>मैना – चरो |
| यश – कीर्ति<br>यस – यो | शूर – पराक्रमी<br>सुर – सङ्गीतको धुन |

## (घ) अनेकार्थक शब्द

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



हरि कस्तो हुस्सु रहेछ।

मुर्ख ← हुस्सु → कुहिरो



आज हुस्सु लागेको छ।



चिठी ← पत्र → पाना



मैले भाइलाई पत्र लेखे ।

पैसा किताबको पत्रमा रहेछ ।



माला ← हार → पराजय



रमाले सुनको हार लगाइन् ।

हरिले क्रिकेटमा हार खानुपऱ्यो ।

एउटै शब्दले एकभन्दा बढी अर्थ दिन्छ भने त्यस्ता शब्दलाई **अनेकार्थक शब्द** भनिन्छ ।

## २. तलका अनेकार्थक शब्दहरू पढेर बुझ्नुहोस् :

| | |
|---|---|
| पत्र | – चिठी |
| | – पाना |
| | – तह |
| कल | – झगडा |
| | – धारो |
| | – मिसिन |
| फल | – रूखको फल |
| | – नतिजा, परिणाम |

| | |
|---|---|
| काल | – समय |
| | – मृत्यु |
| | – यमराज |
| गोल | – अँगार, कोइला |
| | – गोलो भएको |
| तान | – लय, सुर |
| | – लुगा सिउने तान |
| | – आफूभित्र खिच्नु |

| | | | |
|---|---|---|---|
| कस | – दाग, मैला<br>– कस्ने काम | पेटि | – सडकको छेउ<br>– कम्बरमा बाँध्ने साधन |
| सुन | – स्वर्ण<br>– सुन्ने काम | बेला | – बाजा<br>– समय |
| हार | – माला<br>– पराजय | वर | – दुलाहा<br>– नजिक<br>– एक प्रकारको रूख |
| असार | – महिना<br>– सार नभएको | नगर | – सहर<br>– गर्नु हुँदैन |
| खरी | – चक, लेख्ने साधन<br>– वनस्पति<br>– खरो स्वभावकी स्त्री | धान | – अन्न<br>– निर्वाह गर |
| साल | – सालनाल<br>– वर्ष<br>– एक प्रकारको रूख | खोल | – आवरण, ढकनी<br>– खोल्ने काम गर |
| पुतली | – उड्ने किरो<br>– खेलौना | भर | – आड, भरोसा<br>– भर्ने काम गर |
| माझ | – बिच, मध्य<br>– सफा गर | माड | – भातको माड<br>– दल्ने काम गर |

## (ङ) लघुतावाची शब्द


१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



घरी



कोसो



चिम्टा



चिम्टी



गाग्रो



गाग्री

कुनै पनि व्यक्ति अथवा वस्तुको सानो बुझाउने शब्दलाई **लघुतावाची शब्द** भनिन्छ ।

## २. तलका लघुतावाची शब्दहरू पढेर बुझ्नुहोस् :

| | |
|---|---|
| गेडो – गेडी | झोला – झोली |
| डालो – डाली | चिम्टा – चिम्टी |
| पुस्तक – पुस्तिका | भात – सितो |
| गाग्रो – गाग्री | कुचो – कुची |
| अनार – दानो | थैलो – थैली |
| टीको – टीकी | लौरो – लौरी |
| मासु – चौटो | पटुका – पटुकी |
| लसुन – बिजुलो | चम्चा – चम्ची |
| तेल – थोपो | खेत – सुर्को |
| नुन – ढिको | साग – त्यान्द्रो |
| सुन्तला – केस्रो | मुला – चानो |
| रोटी – टुक्रो | कोदालो – कोदाली |
| दाउरो – छेस्को | घाम – झुल्को |

## (च) अनुकरणात्मक शब्द

### १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



बहिनी भुसुक्क निदाई ।




जून टहटह लाग्यो ।



भाइ मुसुक्क हाँस्यो ।



चरा भुर्र उड्यो ।



आगो दनदनी बल्यो ।



ऊ पानीले निथ्रुक्क भिज्यो ।

कुनै आवाज, दृष्य तथा कामको नक्कल गरेर बनाइएको शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ ।

२. तलका अनुकरणात्मक शब्दहरू पढेर बुझ्नुहोस् :

| | | | |
|---|---|---|---|
| ढकमक्क | गद्गद् | थ्याच्च | बरबरी |
| प्याट्ट | फटाफट | छियाछिया | लमक्क |
| टुप्लुक्क | बर्र | खुसुक्क | छक्क |
| गुनगुन | थचक्क | झिमिक्क | फतक्क |
| फ्यात्त | जुरुक्क | लहलह | फनक्क |
| घटघटी | च्वास्स | फटाफट | टक्क |
| खचाखच | लचक्क | चुर्लुम्म | गजक्क |
| पुलुक्क | छर्लङ्ग | खुरूखुरु | ट्वाक्क |

## (छ) सिङ्गो शब्द

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



मासुमात्र खाने (मांसहारी)



राष्ट्रको लागि जीवन दिने (सहिद)



घाममा सुकाएको अन्न (बिस्कुन)



अन्न र सागपातमात्र खाने (शाकाहारी)



श्रम गरेर बाँच्ने (श्रमजीवी)



भर्खरै व्याएको (लैनो)

धेरै शब्दहरूले बुझाउने अर्थ एउटै शब्दले दिन्छ भने त्यस्तो शब्दलाई सिङ्गो शब्द भनिन्छ ।

## केही सिङ्गो शब्दहरू

| | | |
|---|---|---|
| कहिल्यै नमर्ने | – | अमर |
| ईश्वरमा विश्वास नगर्ने | – | नास्तिक |
| कहिल्यै नटुटने | – | अटुट |
| घाममा सुकाएको अन्न | – | बिस्कुन |
| राष्ट्रको निम्ति जीवन दिने व्यक्ति | – | सहिद |
| काट्न नसकिने | – | अकाट्य |
| रातमा आँखा नदेख्ने रोग | – | रतन्दो |
| राष्ट्रको निम्ति जीवन दिने व्यक्ति | – | सहिद |
| देख्न नसकिने | – | अदृश्य |
| दुध, दही, घिउ, मह, सखर मिलेर बनेको | – | पंचामृत |
| चारैतिर तुना बाँधेर लगाइने चोली | – | चौबन्दी |
| आमाबाबु मरेको अनाथ | – | टुहुरो |
| दश वर्षको अवधि | – | दशक |
| विवाहमा छोरीचेलीलाई दिइने धनसम्पत्ति | – | दाइजो |
| लगातार कविता लेख्न सक्ने कवि | – | आशुकवि |
| जसको कुनै शत्रु छैन | – | अजात शत्रु |
| कसैले भनेको  नटेर्ने | – | अटेरी |
| बेकाममा हिँडिरहने | – | अल्लारे |
| आफूले आफैँलाई मार्ने काम | – | आत्महत्या |
| जो गरेको उपकार देख्दछ | – | कृतज्ञ |
| दश वर्षको अवधि | – | दशक |
| खुकुरी राख्ने खोल | – | दाप |

## (ज) सङ्क्षिप्त शब्द

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :




गो.प. (गोरखापत्र)



त्रि.वि. (त्रिभुवन विश्व विद्यालय)



प्र.जि.अ. (प्रमुख जिल्ला अधिकारी)



गो.द.बा. (गोरखा दक्षिण बाहु)



प्र.अ. (प्रधानाध्यापक)




मा.वि. (माध्यमिक विद्यालय)

एक अथवा एकभन्दा बढी शब्दका अघिल्ला अक्षरहरूबाट बनाइएका शब्दलाई सङ्क्षिप्त शब्द भनिन्छ ।

## केही प्रचलित सङ्क्षिप्त शब्दहरू

| | | |
|---|---|---|
| प्र.अ. | – | प्रधानाध्यापक |
| गो.द.बा. | – | गोरखा दक्षिण बाहु |
| प्रा.वि. | – | प्राथमिक विद्यालय |
| नि.मा.वि. | – | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | – | माध्यमिक विद्यालय |
| वि.नि. | – | विद्यालय निरीक्षक |
| गा.वि.स. | – | गाउँ विकास समिति |
| जि.वि.स. | – | जिल्ला विकास समिति |
| का.जि. | – | काठमाडौँ जिल्ला |
| आ.वा. | – | आकाश वाणी |
| क्षे.शि.का. | – | क्षेत्रीय शिक्षा कार्यालय |
| आ.व. | – | आर्थिक वर्ष |
| ई.सं. | – | ईश्वी सम्वत् |



## अभ्यास

१. **पर्यायवाची शब्दसाग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| गगन | रवि |
| देह | निकट |
| फूलबारी | आकाश |
| नजिक | जल |
| सूर्य | शरीर |
| पानी | बगैँचा |

## २. तलका शब्दहरूको पर्यायवाची शब्द लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| हात | ____________ | ईश्वर | ____________ |
| पोखरी | ____________ | राजा | ____________ |
| संसार | ____________ | बाटो | ____________ |
| मानिस | ____________ | दुःख | ____________ |
| गरिब | ____________ | बालक | ____________ |

## ३. तल दिइएका शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| जन्म | ____________ | आगो | ____________ |
| उज्यालो | ____________ | सम्पन्न | ____________ |
| हाँसो | ____________ | सपना | ____________ |
| खाली | ____________ | धर्म | ____________ |
| फेद | ____________ | लामो | ____________ |

## ४. तल दिइएका शब्दहरूको श्रुतिसमभिन्नार्थक शब्दको अर्थ लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| सीता | ____________ | सिता | ____________ |
| नारी | ____________ | नाडी | ____________ |
| मैना | ____________ | महिना | ____________ |
| खट | ____________ | खत | ____________ |
| हाट | ____________ | हात | ____________ |
| दीप | ____________ | द्विप | ____________ |

## ५. तल दिइएका शब्दको अनेकार्थक अर्थ लेख्नुहोस् :

गोल ____________ ____________

साल ______ ______

हार ______ ______

तर ______ ______

पत्र ______ ______

तान ______ ______

हात ______ ______

ताल ______ ______

## ६. तल दिइएका शब्दहरूको सिङ्गो शब्द लेख्नुहोस् :

(क) कसैले भनेको नटेर्ने ______

(ख) जो कहिले पनि मर्दैन ______

(ग) घाममा सुकाएको अन्न ______

(घ) रातमा आँखा नदेख्ने रोग ______

(ङ) ईश्वरमा विश्वास नगर्ने ______

(च) मासु मात्र खाने ______

(छ) अन्न र सागपात मात्र खाने ______

## ७. तल दिइएका शब्दहरूको लघुतावाची शब्द लेख्नुहोस् :

खाट ______ छुरा ______

पुस्तक ______ गाग्रो ______

कोदालो ______ लसुन ______

घरी ______ चरो ______

टिका ______ गेडा ______

८. तल दिइएका सङ्क्षिप्त शब्दको विस्तारित रूप लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| प्र.अ. | ______ | जि.वि.स. | ______ |
| मा.वि. | ______ | त्रि.वि. | ______ |
| गो.प. | ______ | प्र.जि.अ. | ______ |
| गो.द.बा. | ______ | गा.वि.स. | ______ |

९. तल दिइएका अनुकरणात्मक शब्दको प्रयोग गरी वाक्य बनाउनुहोस् :

धुरुधुरु : ______ ।

पिटिक्क : ______ ।

धपक्क : ______ ।

झमझम: ______ ।

चुर्लुम्म : ______ ।

थचक्क : ______ ।

जुरुक्क : ______ ।

दनदनी : ______ ।

घुट्टुघुट्टु : ______ ।

खचाखच : ______ ।

चटक्क : ______ ।

एकाइ १७

# उखान टुक्का

## उखानको परिचय

मानिसहरू बोलीचालीका क्रममा विभिन्न खालका रोचक उखान टुक्का प्रस्तुत गर्दछन् । तिनै रोचक शैलीमा प्रस्तुत गरिने वाक्य स्तरका भनाइलाई उखान भनिन्छ । उखानले सोझो अर्थभन्दा व्यङ्ग्यार्थमा बढी जोड दिन्छ । नेपाली लोक जीवनमा उखानको प्रयोग प्रशस्त भएको पाइन्छ ।

### नेपालीमा प्रचलित केही उखानको अर्थसहित वाक्यमा प्रयोग

- आलु खाएर पेडाको धाक (फुर्ती देखाउनु)

  राम कक्षामा जान्ने छु भन्छ तर परीक्षामा राम्रो अङ्क ल्याउँदैन । आलु खाएर पेडाको धाक भनेको यही हो ।

- अरूको लाख आमाको काख (अरूको तुलनामा आमाको धेरै माया हुन्छ)

  अरू मानिसको जति माया पाए पनि सन्तुष्ट हुँदैनन् तर आमाको साथमा भने त्यसै पनि रमाउँछन् । अरूको लाख आमाको काख भनेको यही हो ।

- एक कान दुई कान मैदान ( कुरा सर्दै गएपछि सर्वत्र फैलिन्छ)

  कसैलाई नभन्नु है भनेर दावाले फूलमानलाई कुरा खोलिहाल्यो तर उसले मनमा राख्न नसकी सुटुक्क एउटा साथीलाई भनेपछि त कुरा सर्वत्र फैलियो अनि पर्‍यो फसाद, एक कान दुई कान मैदान भने झैं भयो ।

- अचानाको पीर खुकुरीले जान्दैन (भोग्नेल मात्र दुःख कस्तो होला भन्ने कुरा थाहा पाउँछ ।)

  गोपालले छोरालाई पैसा नभएपछि साहुकहाँ माग्न जाँदा उल्टै झपारेर

पठायो । हुन पनि हो अचानोको पिर खुकुरीले जान्दैन ।

- आए आँप गए झटारो (भए राम्रो नभए केही छैन)

  आए आँप गए झटारो भन्दै लखनले पचास रूपैयाँमा चिठ्ठा किन्यो ।

- काम गर्ने कालु, मकै खाने भालु (खट्ने एउटा खाने अर्को)

  काम गर्ने कालु मकै खाने भालु भने झैँ किसानले खेती गर्छन्, अन्न भने जमिनदार लिन्छन् ।

- घाँटी हेरी हाड निल्नु (क्षमताअनुसार काम गर्नु)

  घाँटी हेरी हाड निल्नु भने झैँ म आफ्नो औकातअनुसार पैसा खर्च गर्छु ।

- हुने बिरुवाको चिल्लो पात (सप्रने मान्छेको चाल पहिल्यै थाहा हुन्छ ।)

  हुने बिरुवाको चिल्लो पात भने झैँ सबिन सानैदेखि पढाइमा लगनशील र मिहिनेती छ ।

- बाँदरको हातमा नरिवल (मुर्खको हातमा राम्रो वस्तु पनि हानी हुन्छ ।)

  तेरो लागि यो मोबाइल त बाँदरको हातमा नरीवलजस्तै भयो ।

- दुवै हातमा लड्डु (दुवैतिरबाट लाभ)

  गोपालले एस.ई.ई. परीक्षामा राम्रो गऱ्यो र जापानमा पढ्न जाने छात्रवृत्ति पनि पायो । उसलाई त अहिले दुवै हातमा लड्डु भएको छ ।

- कागभन्दा कोइली बाठो (एउटाभन्दा अर्को चलाख)

  दुवै जना आपसमा खुब बाठोपन देखाउँछन् । कसैले कसैलाई टेर्दैनन्, कागभन्दा कोइली बाठो भनेको यही हो ।

## टुक्काको परिचय

भाषामा खास अर्थ छाडेर अर्थ प्रदान गर्ने पदावलीलाई टुक्का भनिन्छ । टुक्का भाषाका गहना हुन् । यिनले भाषामा मिठासपूर्ण र प्रभावकारी बनाउने काम गर्दछन् ।

नेपालीमा प्रचलित केही टुक्काको अर्थसहित वाक्यमा प्रयोग

- आँखा गाड्नु (लोभिनु)

गोपालले मेरो मोबाइलमा आँखा गाड्यो ।

- आँखा खुल्नु (ज्ञान हुनु)

  सबैतिरबाट ठक्कर खाँदा पनि अझैसम्म लखनको आँखा खुलेको छैन ।

- कानमा तेल हाल्नु (चासो नदेखाउनु)

  हरि गुरुले भनेको काम नगरी कानमा तेल हालेर बसेको छ ।

- कम्मर कस्नु (हिम्मत गर्नु)

  गोपालले गाई पाल्नलाई कम्मर कसेको छ ।

- डाँडो काट्नु (भाग्नु)

  चोरहरू डाँडो काटिसके अब त के प्रहरीले समात्न सक्ला र ।

- नाक काट्नु (इज्जत फाल्नु)

  रीताले कक्षा ८ मा फेल भएर परिवारको नाक काटी ।

- हावा खानु (बिग्रनु)

  मेरो घर बनाउने योजनाले हावा खायो ।

- श्री गणेश गर्नु (सुरु गर्नु)

  हिजो नयाँ पसल खोल्ने श्री गणेश गरेकाले रमाइलो भयो ।

- कपाल खानु (हैरान पार्नु)

  छोराछोरीहरूले चक्लेट ल्याइदिनु भनेर मेरो कपाल खाइसके ।

- मुख छाड्नु (गाली गर्नु)

  आफूलाई जिस्काउने केटाहरूलाई उमाले मुख छाडी ।

- मुख थुन्नु (कुरा गर्न रोक्नु)

  सिनेमा हेर्न हलमा बसेपछि एकछिन त मुख थुनेर बस्न सक्नुपर्छ ।

- वचन दिनु (प्रतिज्ञा गर्नु)

  आउँदो फागुनमा मैले साथीहरूलाई पोखरा जाने वचन दिएको छु ।

- थला पर्नु (उठ्न नसक्ने हुनु)

  हिजोदेखि ज्वरो आएकाले दाइ थला पर्नुभएको छ ।

– तीन छक पर्नु (अचम्म मान्नु)

जादुगर डोरीमा हिँडेको देखेर सरिता तीन छक परी ।

– मन जित्नु (प्रभावमा पर्नु)

राम्रो काम गरेर मैले बुबाको मन जितेँ ।

– माछा मार्नु (लड्नु)

आज बाटामा चिप्लेर सविनाले माछा मारिन् ।

– मेख मार्नु (लज्जित पार्नु)

मैले परीक्षामा प्रथम स्थान ल्याएर ईर्ष्यालु साथीहरूको मेख मारेँ ।

– सखाप पार्नु (सिध्याउनु)

गाई बारीमा पसेर सबै मकै सखाप पाऱ्यो ।

– मुख लुकाउनु (लज्जित हुनु)

खराब काम गरिसकेपछि मुख लुकाएर कति दिन बाँच्न सकिन्छ र ?

– नाक राख्नु (इज्जत बढाउनु)

गोपालले राम्रो फुटबल खेलेर पाल्पा जिल्लाकै नाम राखे ।



## अभ्यास

**१. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) उखान भनेको के हो ?

(ख) टुक्का भनेको के हो ?

(ग) उखान र टुक्कामा के फरक छ ?

**२. तलका उखानलाई स्पष्ट अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

म ताक्छु मुढो बञ्चरो ताक्छ घुँडो ।

कालो अक्षर भैँसी बराबर ।

मेरो गोरुको बाह्रै टक्का ।

आफू नमरी स्वर्ग देखिँदैन ।

अचानोको पीर खुकुरीले जान्दैन ।

एक हातले ताली बज्दैन ।

घाँटी हेरी हाड निल्नु ।

आफू नमरी स्वर्ग देखिँदैन ।

एक कान दुई कान मैदान ।

चोरमाथि चकार ।

कसैलाई काखा कसैलाई पाखा ।

जसले मह काढ्छ, उसले हात चाट्छ ।

बाँदरको हातमा नरीवल

हुने बिरुवाको चिल्लो पात

३. तलका टुक्कालाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

मन तान्नु : ______________________ ।

मन राख्नु : ______________________ ।

वचन दिनु : ______________________ ।

श्रीगणेश गर्नु : ______________________ ।

हरेस खानु : ______________________ ।

मुख लाग्नु : ______________________ ।

सखाप पार्नु : ______________________ ।

मन जित्नु : ______________________ ।

नाक राख्नु : ______________________ ।

थला पर्नु : ______________________ ।

कान खानु : ______________________ ।

हात हाल्नु : ______________________ ।

कुरा काट्नु : ______________________ ।

# खण्ड ख

# बोध तथा अभिव्यक्ति

एकाइ १

# बोध तथा अभिव्यक्ति

## १. तल दिइएका अनुच्छेद पढेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

पर्यटकहरूको आकर्षण बढाउन हामीहरूले उनीहरूको नक्कल गर्ने होइन, हाम्रो मौलिकता उनीहरू समक्ष प्रस्तुत गर्ने कोसिस गर्नुपर्छ । वास्तवमा कुनै पर्यटक नयाँपनको लागि अन्य ठाउँ अथवा देश घुम्न निस्किएको हुन्छ। पर्यटकहरूका लागि हाम्रो घरेलु प्रयोग र प्रविधिहरू रोमाञ्चक र आकर्षक हुन सक्छन् । अङ्ग्रेजीका टोपका सट्टा बाँसका चोयाबाट बनाइएका टोप लगाउन पाउँदा उनीहरू मख्ख पर्छन् । हाम्रा राडी गुन्द्रीमा बस्दा उनीहरूलाई नयाँपनको अनुभूति हुन्छ। नेपालमा आएर ढिँडो र गुन्द्रुक खान पाउँदा उनीहरू मजा मान्दछन् । पर्यटक व्यवसायी स्वस्थ, स्वच्छ वस्तु र सफा वातावरणप्रति विशेष रुचि राख्छन् । पर्यटक व्यवसायीले पर्यटकहरू देशका पाहुना हुन् भन्ने कुरा बुझेको हुनुपर्छ । पाहुनाको सम्मान गर्ने चलन जहींतहीं हुन्छ । झन् हाम्रो संस्कृतिअनुसार त तिनीहरूको सम्मान सत्कार बढी नै गर्नुपर्ने हुन्छ ।

### प्रश्न र उत्तर

**(क) पर्यटकहरूको आकर्षण बढाउन के गर्नुपर्छ ?**

पर्यटकहरूको आकर्षण बढाउन हाम्रो मौलिकता उनीहरू समक्ष प्रस्तुत गर्ने कोसिस गर्नुपर्छ ।

**(ख) के कुरामा पर्यटकहरू रोमाञ्चित हुन सक्छन् ?**

हाम्रो घरेलु प्रयोग र प्रविधिहरूमा पर्यटकहरू रोमाञ्चित हुन सक्छन् ।

**(ग) पर्यटकहरूलाई कुन कुरामा नयाापनको अनुभूति हुन्छ ?**

हाम्रो राडी गुन्द्रीमा बस्दा पर्यटहहरूलाई नयाँपनको अनुभूति हुन्छ ।

**(घ) पर्यटकहरूको विशेष रुचि के हो ?**

स्वस्थ, सफा वस्तु र शान्त वातावरण पर्यटकहरूको विशेष रुचि हो ।

**(ङ) 'शान्त' र 'मजा' शब्दको अर्थ के हो ?**

शान्त शब्दको अर्थ कुनै हल्ला नभएको ठाउँ, सुनसान हो । मजा शब्दको अर्थ आनन्द अथवा सुख हो ।



## अभ्यास

**२. तल दिइएको अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

कम्प्युटर र इन्टरनेट आधुनिक विज्ञानले मानवलाई दिएका अनुपम उपहार हुन् । जसले मानवको जीवनमा आमूल परिवर्तन ल्याइदिइएका छन् । यिनीहरू मानव जीवनका हरेक क्षेत्रमा उपयोगी छन् । दूर सञ्चार, हुलाक, वायुसेवा, अस्पताल, शिक्षा, यातायात आदि क्षेत्रमा कम्प्युटर र इन्टरनेटको प्रयोग अपरिहार्य बनिसकेको छ । कम्प्युटरको प्रयोगले दस्तावेज लेख्न, सम्पादन गर्न अथवा भण्डारण गर्न, छिटोभन्दा छिटो हिज्जे परीक्षण गर्न र शब्दकोशको प्रयोग गर्न सकिन्छ । विद्यालय तथा महाविद्यालयमा शैक्षिक सामग्रीका रूपमा पनि कम्प्युटरको प्रयोग गर्ने गरिन्छ । शिक्षक, विद्यार्थी तथा विद्यालयका विविध कार्यहरूको अभिलेख राख्न र अन्य विविध कार्यमा सहयोग गर्ने भएको हुनाले यसको महत्त्व र उपयोगिता बढेको छ । कक्षामा सहभागी हुन नसक्ने र शारीरिक कमजोरी भएका विद्यार्थीहरूका लागि इन्टरनेटमार्फत् अनलाइन शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिन्छ । विभिन्न क्षेत्रसँग सम्बन्धित नवीनतम समाचार, लेख, रचना, जीवनी, भाषण इन्टरनेटमार्फत हेर्न र पढ्न सकिन्छ । जटिल हिसाब तथा प्रश्नहरूको उत्तरका साथै पढ्दापढ्दै कुनै विषयका बारेमा बुझ्नुपर्‍यो भने इन्टरनेटले सहयोग पुर्‍याउँछ । त्यति मात्र नभएर पुस्तकालयको पहुँच नहुनेका लागि पनि निकै सहयोगी साथी बन्न सक्छ ।

### प्रश्नहरू

(क) कम्प्युटर र इन्टरनेटको प्रयोग कहाँ-कहाँ हुन्छ ?

(ख) कम्प्युटरको प्रयोग कस्ता कार्यमा गर्न सकिन्छ ?

(ग) इन्टरनेटमार्फत के के कार्यहरू गर्न सकिन्छ ?

(घ) हाम्रा लागि कम्प्युटर र इन्टरनेट किन उपयोगी छन् ?

(ङ) 'अभिलेख' र 'जटिल' शब्दको अर्थ लेख्नुहोस् ।

२. **तल दिइएको अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

भौतिक वातावरण र सांस्कृतिक वातावरण अर्थात् मानवीय क्रियाकलाप दुवै एकअर्काका पुरक हुन् । यी दुवैको सन्तुलित सम्बन्ध भएमा नै दुवैको अस्तित्व र जीवन सुरक्षित हुन्छ । अन्यथा मानवीय क्रियाकलापको जथाभावी आक्रमणबाट भौतिक वातावरण दूषित हुन गई मानव अस्तित्व नै सङ्कटमा पर्न जान्छ । यसैगरी वातावरण र जनसङ्ख्या पनि एकआपसमा सम्बन्धित छन् । वन्यजन्तु र जनसङ्ख्याजस्ता वातावरणीय स्रोतका बिचको अन्तरसम्बन्ध सन्तुलित हुन सकेमा मात्र दिगो विकास हुन सक्दछ । जनसङ्ख्याको तीव्र बृद्धिले वातावरणीय स्रोतमा बढी चाप हुन गई भूक्षय हुने, बाढी तथा पहिरो आउने, पानीको मुहान सुक्ने, जमिनमुनिको पानीको तह घट्ने, समयमा पानी नपर्ने, तापक्रममा फेरबदल हुने, इन्धन तथा घाँसपातको कमी हुनेजस्ता समस्याहरू देखिन्छन् । यसबाट प्रदूषणसमेत बढ्न गई वातावरणीय सन्तुलन नै खलबलिने स्थितिमा पुग्छ ।

**प्रश्नहरू**

(क) वातावरण र मानवका बिच के कुरा हुनु आवश्यक छ ?

(ख) के गर्दा मानव अस्तित्व सङ्कटमा पर्न जान्छ ?

(ग) के गर्न सके दिगो विकास हुन सक्छ ?

(घ) जनसङ्ख्याको तीव्र बृद्धिले के कस्ता समस्या देखिन्छन् ?

(ङ) 'जथाभावी' र 'मुहान' शब्दको अर्थ लेख्नुहोस् ।

एकाइ
२

# कथा लेखन

## तल दिइएका बुँदाका आधारमा छोटो कथा लेख्नुहोस् :

एउटा गरिब परिवार —— बुबा, आमा र एक मात्र छोरी —— छोरी पढाइमा ज्यादै लगनशील —— विद्यालयमा प्रथम स्थान प्राप्त गर्नु —— पढाइमा गाउँकै उदाहरण बन्नु —— छात्रवृत्ति प्राप्त गर्नु —— एस.ई.ई. मा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुनु —— क्याम्पसमा पनि छात्रवृत्ति प्राप्त गर्नु —— विदेशमा गएर अध्ययन गर्ने अवसर पाउनु —— एउटा सफल चिकित्सक बनी आफ्नो गाउँमा गई सेवा गर्नु —— मिहिनेत गरेमा आफ्नो भविष्य उज्ज्वल बन्न सक्ने सन्देश ।

## परिश्रमको फल

कुनै गाउँमा एउटा गरिब परिवार थियो । त्यो परिवारका सदस्यहरूमा बुबा, आमा र एक मात्र छोरी थिए । छोरी पढाइमा ज्यादै लगनशील र परिश्रमी थिइन् । छोरी विद्यालयमा सधैँ नै प्रथम स्थान ल्याउन सफल हुन्थिन् । यसरी लगनशील र सफल हुँदै गएकोमा उनी घरको मात्र नभएर सम्पूर्ण गाउँकै नमुना बनेकी थिइन् । उनले हरेक पटक छात्रवृत्ति पनि पाउँथिन् । गरिब परिवारकी भएकाले उनलाई छात्रवृत्तिले पढाइमा निकै सहयोग गरेको थियो ।

लगनशील भएर पढाइमा लागिरहेकी छोरीले एस.एल्.सी. मा पनि उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण भएकोमा बाबुआमा र गाउँघरका सबैजना खुसी थिए । यो क्रम जीवनभरि नै चलिरह्यो । उनले एस.एल्.सी. पछाडि क्याम्पसमा पनि छात्रवृत्ति पाइन् । पुनः उनी अध्ययनमा लगनशील भइनै रहिन् । परिश्रमको फल उनले पाउँदै गइन् । उनले विदेशमा गएर अध्ययन गर्ने मौका पाइन् । आखिर उनी

एक सफल चिकित्सक बन्न सफल भइन् । सफल चिकित्सक बनेर उनी आफ्नै गाउँमा फर्किएर आइन् । गाउँलेले उनलाई भव्य स्वागत गरे ।

> चरित्र अथवा घटनामा आधारित रहेर लेखिएको छोटो गद्यात्मक रचनालाई **कथा** भनिन्छ ।



## अभ्यास

**१. तलका बुँदाका आधारमा छोटो कथा लेख्नुहोस् :**

एउटा ज्यादै तिर्खाएको काग ——— पानीको खोजीमा चारैतिर भौतारिनु ——— एउटा घरको कौसीमा गाग्रो देख्नु ——— गाग्रोको पिँधमा मात्र पानी हुनु ——— कागले जुक्ति निकाल्नु ——— गाग्रोमा ढुङ्गाका टुक्रा खसाल्नु ——— पिँधको पानी माथि आउनु ——— पानी खाएर काग तृप्त हुनु ——— जहाँ इच्छा त्यहाँ उपाय भन्ने सन्देश ।

**२. तलका बुँदाका आधारमा छोटो कथा लेख्नुहोस् :**

नदी किनारको जङ्गलमा बाँदर र नदीमा गोही बस्नु ——— गोहीलाई बाँदरको सिकार गर्न मन लाग्नु ——— जङ्गलमा मात्र नबसी नदी हुँदै सामुद्रिक यात्रामा लैजाने प्रस्ताव राख्नु ——— बाँदर रूखबाट ओर्ली गोहीको ढाडमा बस्नु ——— बाटामा आफूले बाँदरलाई सिकार बनाउन ल्याएको रहस्य खोल्नु ——— बाँदरले आफ्नो शरीरको सबभन्दा मिठो भाग मुटु रहेको र सो आफूले रूखमै छोडेको बताउनु ——— गोहीले सो ल्याउन आग्रह गर्नु ——— बाँदर रूखमा चढी बाँच्नु ——— बुद्धिले काम लिनुपर्ने सन्देश ।

एकाइ 3

# जीवनी लेखन

**क) तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी उपयुक्त शीर्षक राख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | लक्ष्मीप्रसाद देवकोटा |
| जन्म र जन्म स्थान | : | वि.सं. १९६६ कार्त्तिक २७ गते लक्ष्मीपूजाको दिन काठमाडौँ, धोबीधारा |
| पिता | : | तिलमाधव देवकोटा |
| माता | : | अमरराज्यलक्ष्मी देवी |
| शिक्षा | : | बी.ए, बी.एल् |
| सेवा | : | वि. सं. २००० मा नेपाली भाषानुवाद परिषद्मा जागिरे<br>वि.सं. २००३ मा त्रिचन्द्र कलेजमा प्राध्यापक<br>वि.सं. २०१४ मा नेपाल प्रज्ञा प्रतिष्ठानमा सदस्य |
| प्रमुख कृतिहरू | : | मुनामदन, (खण्डकाव्य), शाकुन्तल (महाकाव्य), प्रमिथस (महाकाव्य), भिखारी कविता सङ्ग्रह), ' लक्ष्मी निबन्ध सङ्ग्रह, 'लक्ष्मी कथा सङ्ग्रह' आदि । |
| विशेषता | : | दस वर्षदेखि कविता रच्न थालेका, आशुकवि, महाकवि, मानवतावादी कवि, नेपाली कवितामा स्वच्छन्दतावादी शैलीका प्रवर्तक, नेपाली निबन्धमा आत्मपरक शैलीका प्रवर्तक, प्रकृतिप्रेमी तथा राष्ट्रप्रेमी कवि |
| पुरस्कार | : | वि.सं. २०२३ मा त्रिभुवन प्रज्ञा पुरस्कार |
| मृत्यु | : | वि.सं. २०१६ भदौ २९ काठमाडौँ, पशुपति आर्यघाटमा। |

## महाकवि लक्ष्मीप्रसाद देवकोटा

नेपाली साहित्यका चम्किलो चन्द्रमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. **१९६६** साल कार्तिक **२७** गते लक्ष्मी पूजाका दिन पिता तिलमाधव देवकोटा र माता अमरराज्यलक्ष्मी देवीको कोखबाट काठमाडौँको धोबीधारामा भएको थियो । औपचारिक शिक्षा बी.ए, बी.एल्. सम्म गरेका देवकोटा 'हुने विरुवाको चिल्लो पात' भने झैँ अत्यन्त प्रतिभाशाली व्यक्ति थिए ।

अध्ययनपश्चात् विभिन्न शैक्षिक संस्थामा विभिन्न पदमा रही सेवा पुऱ्याएका लक्ष्मीप्रसादले वि.सं. **२०००** मै नेपाली भाषानुवाद परिषद्मा जागिरे भएका थिए । वि.सं. **२००३** देखि त्रिचन्द्र कलेजमा प्राध्यापनरत देवकोटाले वि.सं. **२०१४** मा नेपाल प्रज्ञा प्रतिष्ठानमा सदस्य समेत बनेर नेपाली भाषा साहित्यमा अनवरत सेवा पुऱ्याइरहे । दस वर्षदेखि कविता रच्ने कार्यलाई श्री गणेश गर्दै जीवनभर कलम चलाइरहे । उनले कविता यात्रामा आफूलाई स्वच्छन्दतावादी शैलीका प्रवर्तकका रूपमा उभ्याएका थिए भने मानवतावादी कवि, महाकवि तथा आशुकवि हुन् भन्ने कुराको पुष्टि उनका शाकुन्तल (महाकाव्य), मुनामदन, (खण्डकाव्य), प्रमिथस (महाकाव्य) हरूले गर्दछन् । काव्यफाँट मात्र होइन उनको बेजोड लेखनी निबन्धतिर पनि रहेको पाइन्छ । उनको 'लक्ष्मी निबन्ध सङ्ग्रह' प्रकाशित भएको छ । नेपाली भाषा साहित्यमा 'लक्ष्मी कथा सङ्ग्रह' को कोशेली प्रदान गर्ने देवकोटा सफल कथाकार तथा महान् निबन्धकार हुन् र प्रकृतिप्रेमी र राष्ट्रप्रेमी महाकवि हुन् । उनी विशेषतः स्वच्छन्दतावादी कविका रूपमा परिचित छन् ।

वि.सं. **२०१६** सालमा एउटा यस्तो दिन आयो जुन दिन सारा जगत् अन्धकार भयो । **२०१६** साल भदौ **२९** गते नेपाली साहित्य जगत् शोकाकुल बन्न पुग्यो । जुन दिन महाकवि लक्ष्मीप्रसाद देवकोटाले सारा दुनियाँलाई छोडेर गए । उनको भौतिक शरीर मरेर गए पनि देवकोटा नेपाली साहित्यको इतिहासमा अमर छन् ।

कुनै महत्त्वपूर्ण व्यक्तिको जीवनभर गरेका कामकुराको क्रमबद्ध लेखनलाई जीवनी भनिन्छ ।

## अभ्यास

१. तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक पनि राख्नुहोस् :

| | | |
|---|---|---|
| नाम | – | झमककुमारी घिमिरे |
| जन्म | – | वि.सं. २०३७ असार १ |
| जन्मस्थान | – | धनकुटा नगरपालिका वडा नं. ३ कचिडे |
| पिता | – | श्री कृष्णबहादुर घिमिरे |
| माता | – | आशादेवी घिमिरे |
| शिक्षा | – | स्वाध्ययन |
| व्यक्तिगत स्वभाव | – | विद्रोही, सङ्घर्षशील, कर्मवादी, विचारमा उच्च र दृढ |
| कृतिहरू | – | सङ्कल्प, आफ्नै चिता अग्निशिखातिर, मान्छेभित्रका योद्धाहरू, नौलो प्रतिविम्ब (कविता सङ्ग्रह), जीवन काँडा कि फूल (आत्मपरक निबन्ध) |
| पुरस्कार तथा सम्मान | – | गोपाल जनकल्याण पुरस्कार, अपाङ्ग प्रतिभा पुरस्कार, डा. विमलवाणी पुरस्कार, क्षेत्रीय प्रतिभा पुरस्कार, मदन पुरस्कार, हाल साहित्य साधनामा तल्लीन । |

२. तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी उपयुक्त शीर्षक राख्नुहोस् :

| | | |
|---|---|---|
| नाम | – | सिद्धिचरण श्रेष्ठ |
| जन्मस्थान | – | ओखलढुङ्गा |
| जन्ममिति | – | वि. सं. १९६९ ज्येष्ठ शुक्लपञ्चमी |
| पिता | – | विष्णुचरण श्रेष्ठ |
| माता | – | नीरकुमारी |

| | | |
|---|---|---|
| शिक्षा | – | औपचारिक शिक्षा ८ कक्षासम्म मात्र तर प्रशस्त स्वाध्ययन |
| साहित्यिक प्रवृत्ति | – | नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधाराको सहप्रवर्तन |
| पुरस्कार | – | युगकवि उपाधिले सम्मानित, विद्रोही स्वभावका कवि प्रकृतिप्रेमी तथा राष्ट्रप्रेमी कवि |
| कृतिहरू | – | उर्वशी, मेरो प्रतिविम्ब, कुहिरो र घाम, कोपिला आँसु, सिद्धिचरणका प्रतिनिधि कविता आदि । |
| मृत्यु | – | वि. स. २०४९ काठमाडौँ |

३. **तपाईं कक्षा ४ मा पढ्दै हुनुहुन्छ । यो कक्षामा तपाईं समेत २५ जना साथीहरू पढ्दछन् । त्यसमध्ये तारा, शोभा र टेकराज कक्षाको पाठ पढेर कविता लेख्छन् । उनीहरू विद्यालयले आयोजना गरेको कविता प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो पुरस्कार पाइरहन्छन् । तपाईं तल दिएका बुँदाका आधारमा उक्त तीनजना कवि साथीको परिचय लेख्नुहोस् ।**

नाम :

जन्मस्थान :

माता :

पिता :

घरको वातावरण :

कविता लेख्न सुरु गरेको समय :

कविता लेख्न सिकाउने गुरु :

कतिओटा कविता लेखेको :

कुन समयमा कविता लेख्ने गरेको :

एकाइ ४

# संवाद लेखन

## पुस्तकालयको महत्त्व

(पञ्चकन्या माध्यमिक विद्यालय दक्षिणकालीका विद्यार्थीहरू रमा, अनिल, गोपाल, कपिलले पुस्तकालयका बारेमा गरेको संवाद)

रमा : अहो ! गोपाल, कपिल तिमीहरू के कुरामा व्यस्त छौ हँ ?

अनिल : के हुनु नि रमा, यहाँ गोपाल र कपिल पुस्तकालयको महत्त्वका बारेमा गरेको कुराकानी सुनेर बसेको नि !

रमा : यिनीहरूले के कुरा गर्दैछन् त अनिल ?

अनिल : (गोपाललाई रोक्दै) सुन न रमा गोपाल त पुस्तकालयमा आउनु भनेको त कामचोरले मात्र हो भन्छ भन्या ।

कपिल : पुस्तकालय भनेको त ज्ञानको भण्डार हो, मनोरञ्जनको आधार हो, कि कसो रमा ?

रमा : तिमीले ठिक भन्यौ कपिल । पुस्तकालय पत्रपत्रिका सन्दर्भ सामग्री पाइने ठाउँ हो । यसबाट समयको सही सदुपयोग पनि हुन्छ ।

अनिल : पुस्तकालयमा ज्ञानको आर्जन गर्ने, पढाइलाई सहयोग पुऱ्याउने ठाउँ पनि हो नि ! गोपाल यो वास्तविक विद्यार्थीहरूको लागि त निकै उपयोगी ठाउँ हो ।

गोपाल : (बुझे झैँ गरेर) साथी हो, तिमीहरूको कुरा सुनेर मेरो विचार पनि परिवर्तन भयो । मलाई माफ गर है । मैले पुस्तकालयको महत्त्व बुझ्न सकेको रहेन छु बल्ल आज बुझेँ ।

रमा : ढिलै भए पनि तिमीले पुस्तकालयको महत्त्व बुझ्यौ, आफ्नो गल्ती स्वीकार

गऱ्यौ । दुःख नमान गोपाल ! मानिसले गल्ती महसुस गर्नु र गल्ती नदोहोऱ्याउनु नै बुद्धिमानी हो ।

(त्यत्तिकैमा घण्टी बज्छ, विद्यार्थीहरू आ-आफ्नो कक्षातिर लाग्छन् ।)

दुई अथवा दुईभन्दा बढी व्यक्तिहरूका बिच कुनै विषयमा हुने कुराकानीलाई संवाद भनिन्छ ।

## अभ्यास

(क) खेलकुदको महत्त्व विषयमा एउटा संवाद लेख्नुहोस् ।

(ख) अनुशासनको महत्त्व विषयमा एउटा संवाद लेख्नुहोस् ।

(ग) पत्रपत्रिकाको महत्त्व विषयमा एउटा संवाद लेख्नुहोस ।

**तलका मध्ये तपाईंलाई कुन-कुन खेल मनपर्छ ? लेख्नुहोस् :**



भलिबल



बास्केटबल



चेस



फुटबल



क्रिकेट

एकाइ ५

# चिठी/निवेदन लेखन

## नमुना- १

**विद्यालयले आयोजना गरेको वनभोज कार्यक्रमको वर्णन गरी साथीलाई चिठी लेख्नुहोस् :**

काठमाडौं

२०७८/०१/०५

प्यारी साथी लक्ष्मी,

मिठो सम्झना,


म यहाँ सन्चै छु । त्यहाँ तिमीलाई पनि सञ्चै होला भन्ने आशा गरेकी छु । तिमीलाई चिठी नलेखेको पनि धेरै भयो । त्यसैले आज म हाम्रो विद्यालयले आयोजना गरेको वनभोज कार्यक्रमका बारेमा केही कुरा लेख्दै छु ।

आज हाम्रो विद्यालयबाट आयोजना गरिएको वनभोजमा हामी ककनी गयौँ । ककनी अग्लो डाँडामा रहेछ । मलाई त्यहाँको हरियाली दृश्य देखेर रमाइलो लाग्यो । हामी त्यहाँ पुगेर नाचगान गर्‍यौँ अनि नास्ता खाने बेला भयो । सबै साथीहरू मिलेर नास्ता खायौँ । त्यसपछि हामी त्यहाँ वरपर घुम्न गयौँ । घुमेर आउँदा खाना खाने बेला भएको रहेछ । खाना खाएर सबै जना, नाचगान गरेर हरियाली दृश्यको अवलोकन गर्दै घर फर्कियौँ । ल त मित्र आजलाई यति नै । बाँकी कुरा अर्को पत्रमा लेखौँला ।

उही तिम्रो साथी

शान्ता अधिकारी

## खामको नमुना




## नमुना - २

**आफू गरिब र प्रतिभाशाली भएको व्यहोरा अनुरोध गरेर विद्यालयबाट दिइने गरिब तथा जेहेनदार छात्रवृत्ति पाउन अनुरोध गरी प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् :**

मिति : २०७८/०१/०७

श्रीमान् प्रधानाध्यापकज्यू,
श्रीकृष्ण माध्यमिक विद्यालय,
दक्षिणकाली, काठमाडौँ ।

**विषय : गरिब तथा जेहेनदार छात्रवृत्ति पाऊँ ।**

महोदय,

उपर्युक्त सम्बन्धमा म यस विद्यालयमा कक्षा १ देखि अध्ययन गरिरहेको छु । म प्रत्येक कक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भइरहेको कुरा श्रीमान्लाई अवगत नै छ । मेरो घरको आर्थिक स्थिति पनि ज्यादै कमजोर भएकाले मैले स्टेशनरीका सामान समेत जुटाउन सकिरहेको छैन । त्यसैले मैले विद्यालय छोड्नुपर्ने अवस्था सिर्जना भएको छ । श्रीमान्ले मेरो कुरालाई बुझेर विद्यालयबाट दिइने छात्रवृत्ति मलाई दिनुभएमा ठुलो हौसला मिल्ने छ । उक्त छात्रवृत्ति पाएमा म छात्रवृत्तिको कदर गर्दै मिहिनेत साथ अध्ययन गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

आज्ञाकारी छात्र
सुमन श्रेष्ठ
कक्षा -४ क्रमाङ्क १

कुनै आफन्तले आफन्तलाई, साथीले साथीलाई सञ्चो विसञ्चोका बारेमा लेखिएको रचनालाई चिठी भनिन्छ ।

कुनै पनि कार्यालयलाई सम्बोधनसहित केही काम गरिदिन लेखिएको पत्रलाई निवेदन भनिन्छ ।



## अभ्यास

(क) आफूले जाडो बिदाको छुट्टीमा गरेको कुनै भ्रमणको छोटो वर्णन गरेर एउटा चिठी लेख्नुहोस् ।

(ख) आफ्नो पढाइ र घरायसी कुरा समावेश गरी टाढा बसेका साथीलाई एउटा चिठी लेख्नुहोस् ।

(ग) आफू पढ्ने विद्यालयका बारेमा वर्णन गरेर तिम्रो साथीलाई चिठी लेख्नुहोस् ।

(घ) आफ्नो विद्यालयमा सुधार नगरी नहुने कुरा के के छन् ? विचार गरेर ती कुराको सुधारका लागि प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।

एकाइ ६

# कविता लेखन

१. तलको कविता पढेर बुझ्नुहोस् :

## नदी


सानी नदी पर्वतबाट झर्छिन्
हाहा र हुहू वनभित्र गर्छिन्
खोला र नाला संगिनी हजार
आएर भेट्छन् वनको पुछार।

त्यो घामछायामय कुञ्जभित्र
छन् इन्द्रिनीका रचना विचित्र
आनन्दमा चट्ट फिँजाइ लट्टा
खेल्छिन् छहारीमुनि नित्य गट्टा।

रिसाई पाखा पहरा लछार्छिन्
ढुङ्गा र मुढा तटमा पछार्छिन्
बाढी र पैरासित गड्गडाई
थर्काउँछिन् पर्वतराजालाई।

घुमेर हेरिकन गाउँलाई
पहाड पाखा हरिया बनाई
जान्छिन् यिनी दूर समुन्द्र भेट्न
सक्दैन कोही यिनलाई रोक्न।

कविद्वारा आफ्‌ना अनुभूति अथवा स्फूर्त भावनालाई छन्द अथवा लयमा उनेर प्रस्तुत गरिएको पद्यात्मक अथवा गद्यात्मक साहित्यिक रचनालाई **कविता** भनिन्छ।



## अभ्यास

**आफूलाई मनपर्ने कुनै एक शीर्षकमा एउटा कविता लेख्नुहोस् :**